म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १९५ शुक्रबार ११ फागुन २०८० ने. सं. ११४४ सिल्लाथ्व 23 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विद्यार्थीलाई साइबर अपराधसम्बन्धी सचेतना

हेटौँडा, १० फागुन/पालुङ जेसीजको आयोजनामा पालुङ बहुमुखी क्याम्पसका विद्यार्थीलाई साइबर अपराध सम्वन्धी सचेतना प्रदान गरिएको छ । बिहीवार पालुङ बहुमुखी क्याम्पसमा स्नातक तहका अध्ययनरत विद्यार्थी र जेसीजका सदस्यको सहभागितामा कार्यक्रम सञ्चालन गरिएको पालुङ जेसीज वर्ष २०२४ का महासचिव बिक्रम गोपालीले जानकारी दिए । ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख प्रहरीनिरीक्षक श्याम थापामगरले सहजीकरण गरेको कार्यक्रममा पालुङ बहुमुखी क्याम्पसका प्रमुख राजन मिश्रको प्रमुख आतिथ्यता रहेको थियो । युवा पुस्तालाई साईबर अपराधको बारेमा जानकारी गराई यसबाट सचेत बनाउने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीले बताए । अध्यक्ष रायमाझीको सभाध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष संगम कार्की, पूर्वअध्यक्ष जयराम खत्री, नवराज लामालगायत वर्ष २०२४ का पदाधिकारी, सदस्यको उपस्थिति रहेको थियो ।

### स्तरोन्नतीपछि धमाधम कालोपत्रे

# हेटौँडाबाट अब साढे दुई घण्टामै काठमाडौं

निशा गुरुङ

हेटौंडा, १० फागुन/ बागमती प्रदेशको राजधानी हेटौँडा-काठमाडौं जोड्ने आधा दर्जन सडकमध्ये छोटो दुरीको भैंसे-कुलेखानी-फाखेल-फर्पिङ सडकखण्ड स्तरोन्नतिको काम पछिल्लो समय धमाधम भइरहेको छ ।



बागमती प्रदेश सरकारले हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीका मार्गमा विगतमा सामान्य मर्मतसम्भार गर्दै आएपनि पछिल्लो तीन आर्थिक वर्षदेखि भैंसे-कुलेखानी-फाखेल-फर्पिङ सडकखण्ड र भैंसे-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-फर्पिङ खण्डको स्तरोन्नतिलाई प्राथमिकतामा राख्दै आएको हो । भैंसे-कुलेखानी-फाखेल-फर्पिङ सडकखण्डअन्तर्गत मकवानपुर र काठमाडौंको सीमाना हुमाने भन्ज्याङदेखि फर्पिङसम्मको करिब ११ किलोमिटर सडक हाल तीनवटा प्याकेजमा काम भइरहेको छ ।

दुई वर्ष अगाडि नै भीमफेदी-कुलेखानीसम्म १६ किलोमिटर सडकखण्ड यातायात पूर्वाधार निर्देशनालयबाट सम्पन्न भइसकेको यातायात पूर्वाधार विकास निर्देशनालय हेटौँडाका सूचना अधिकारी हरिप्रसाद ओझाले जानकारी दिए । हाल तीनवटा प्याकेजमध्ये भैंसे-भीमफेदी सडक खण्ड र फर्पिङ-हुमानेभन्ज्याङ् सडक खण्ड निर्माण अन्तिम चरणमा पुगेको छ । लामो समयसम्म जग्गाको मु-आब्जा तथा घरटहराको विषयमा स्थानीयसँग सहमति हुन नसक्दा भैंसे-भीमफेदी सडकखण्डको काम अवरुद्ध हुँदा केही समस्या भएको र हाल त्यो समस्या समाधान भइसकेपछि सडक खण्डको पनि तीब्र गतिमा काम भईरहेको सूचना अधिकारी ओझाले बताए ।

हालसम्म भैंसे-भीमफेदी सडक खण्डमा साँढे ५ किलोमिटर सडक कालोपत्रे भइसकेको र आगामी दुई हप्ताभित्र तीन किलोमिटर कालोपत्रे कार्य सम्पन्न हुने अधिकारी ओझाले जानकारी दिए । यसैगरी तीन प्याकेजअन्तर्गत फर्पिङ-हुमाने सडकखण्डको हुमानेभञ्ज्याङदेखि मगरगाउँसम्म साँढे तीन किलोमिटर कालोपत्रे सम्पन्न भइसकेको यो खण्डको एक महिनाभित्रै ४ किलोमिटर सडक कालोपत्रे हुने र अढाई किलोमिटर मात्रै बाँकी रहने पूर्वाधार विकास निर्देशालय हेटौँडाले जनाएको छ ।

पूर्वाधार विकास कार्यालयबाट कार्यान्वयन भइरहेको कुलेखानी-हुमानेभञ्ज्याङ खण्डमा पनि तीब्रगतिमा कार्य भइरहेको बताउँदै यो खण्डको कालोपत्रे गर्ने कार्य चालु आर्थिक वर्षको योजनामा नरहेको हुँदा अन्य सहायक सडक संरचना बनाउने कार्य पनि तीब्रगतिमा भइरहेको सूचना अधिकारी ओझाले बताए । उनका अनुसार यो सडक खण्डको सम्भव भएसम्म फराकिलोसहित कालोपत्रे गर्ने प्रदेश सकारको लक्ष्य रहेको छ । भैंसे-भीमभेदीखण्ड डबल लेन स्ट्यान्डर्डमा र अन्य खण्डमा ईन्टरमेडियड स्ट्यान्डर्डमा निर्माण भइरहेको छ । अर्को खण्डअन्तर्गत कुलेखानी-सिस्नेरी हुँदै छैमले जाने सडक खण्ड पनि डबल लेन स्ट्यान्डर्डमा निर्माण हुन्छ । यो सडक ७ मिटरको कालोपत्रे हुने र ईन्टर मेडियड स्ट्याण्डर्डमा साँढे ५ किलोमिटर कालोपत्रे हुनेछ ।

यातायात पूर्वाधार निर्देशनालयमार्फत काम भइरहेको भैंसे-भीमफेदी सडक खण्ड चैत मसान्तभित्र म्याद रहेको छ । जुन सडकखण्डको आशिष डीएस जेभि हेटौंडाले निर्माण गरिहेको छ । यसैगरी, फर्पिङ खण्डको पनि यसै आवमा सम्पन्न हुने र फाखेल खण्डको सडक निर्माण भने आगामी आर्थिक वर्षको म्याद भएको हुनाले यस वर्ष सम्पन्न नहुने जनाएको छ । राजधानी पूर्वाधार विकास आयोजनामाफर्त निर्माण भइरहेको सिस्नेरीखण्ड पनि दुई प्याकेजमा काम भईरहेको हुँदा यसै आवमा यो सडक निर्माण सम्पन्न हुने निर्देशानालयको विश्वास छ ।

महालक्ष्मी दोभानको छोटो दुरीका रुपमा रहेको माताताीर्थ हुँदै कलंकी निक्लने सडकखण्डको ७ किलोमिटर सडकखण्ड पूर्वाधार विकास कार्यालयमाफर्त तीब्रगतिमा काम भइरहेको र मकैबारी-मकवानपुर खण्डसम्म भने पूर्वाधार विकास कार्यालय ललितपुरमार्फत् मकैबारीदेखि माताताीर्थको शसस्त्र बेशक्याम्पको गेटसम्म ८ किलोमिटर यसै आवमा सम्पन्न गर्ने प्रदेश सरकारको लक्ष्य रहेको छ । हेटौडाबाट काठमाडौं उपत्यका प्रवेशका लागि सबैभन्दा छोटो दुरी यो रुट रहेको छ ।

यो सडकखण्ड निर्माणका लागि प्रदेश सरकारले हालसम्म करिब १ अर्ब १४ करोडको लगानीमा विभिन्न कम्पनीसँग ठेक्का सम्झौता गरेको छ । हालसम्म कुनै सडक खण्ड ८० प्रतिशत प्रगति भएको छ भने कुनै सडक खण्ड निर्माणमा ६० प्रतिशत प्रगति भएको र त्यही आधारमा हालसम्मको खर्चको विवरण भने कार्य सम्पन्न पश्चात मात्रै थाहा हुने सूचना अधिकारी ओझाले बताए ।

निर्माणाधीन सम्पूर्ण सडक प्रदेश सरकारकै लागनीमा निर्माण भइरहेको छ भने समपुरक कोष अन्तर्गत ५० प्रतिशत अर्थात २५ करोड मात्रै संघीय सरकारको लगानी रहेको छ । निर्माणाधीन सडकखण्डहरु सबै तोकिएकै मापदण्ड अनुसार भइरहेको हुँदा गुणस्तरमा ध्यान दिएर प्रदेश सरकारले निगरानी गरिरहेको समेत जनाइएको छ ।

यही चालु आवमा भैंसे-भीमफेदी र फर्पिङ-हुमाने सडकखण्ड निर्माण सकिने र कंलकी-हुमानेसम्म चालु आवमा कालोपत्रे सम्पन्न हुने सम्भावना नभएको ओझाको भनाई छ ।निर्माणाधीन सडकखण्ड सम्पन्न भइसकेपश्चात भने हेटौंडादेखि काठमाडौंसम्म करिव सवा दुई घण्टामा पुग्न सकिने जनाइएको छ । सूचना अधिकारी ओझाका अनुसार सडक निर्माणले यात्रुहरुको समयको बचत हुनाका साथै यात्रामा सहजता र दुर्घटना जोखिम न्यूनीकरण हुनेछ ।

# मछिन्द्रले जित्यो बागमती गोल्डकपको उपाधि

साझाकुरा संवाददाता




हेटौंडा, १० फागुन/ मछिन्द्र फुटबल क्लबले पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा भएको छैठौं संकरणको बागमती गोल्डकपको उपाधि जितेको छ ।

यो सिजनका मोफसलका तीनवटा प्रतियोगितामा हार व्यहोरेको मच्छिन्द्रले मकवानपुरमा उपाधि जितेको हो । बागमती-८, स्थित जनता माविको खेलमैदानमा बिहीवार भएको फाइनलमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई ४-० को फराकिलो गोलअन्तरले हराउँदै मछिन्द्र विजयी बनेको हो । २७ माघमा मकवानपुरकै हेटौंडामा भएको शहीदस्मृति गोल्डकपको उपाधि विजेता एपीएफ महिना दिन नबित्दै बागमतीमा मछिन्द्रसँग पराजित हुन पुग्यो ।

एपीएफले हेटौंडामा भएको गोल्डकपको प्रि-क्वाटर फाइनल खेलमा टाइब्रेकरमा ४-३ गोलले मछिन्द्र क्लबलाई पराजित गरेको थियो । मछिन्द्रले एक महिना नबित्दै हेटौंडामा व्यहोरेको हारको बदला बागमतीमा तिरेको छ । मछिन्द्रको जीतमा क्रिष्टोफर चिजोवाले दुई र करिमले एक गोल गरे । खेलको १४ औं मिनेटमा करिमले गोल गर्दै मछिन्द्रलाई सुरुवाती अग्रता दिलाएका थिए । चिजोवाले खेलको ५७ औं मिनेटमा र ६३ औं मिनेटमा गोल गरे ।

मछिन्द्रले एक आत्मघाती गोल उपहारको रुपमा पायो । खेलको ६२ औं मिनेटमा मछिन्द्रका स्टेफेन समीरको प्रहारलाई रोक्न खोज्दा एपीएफका डिफेन्डर कुलदीप कार्कीले आत्मघाती गोल गर्न पुगे । मछिन्द्रले १० लाख रुपैयाँ पाएको छ । उपविजेता बनेको एपीएफले ५ लाख रुपैयाँमा चित्त बुझाएको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मछिन्द्रका उत्सव राई घोषित भए । उनले १ लाख १ हजार रुपैयाँ हात पारे ।

उत्कृष्ट गोलरक्षक मछिन्द्रका प्रदीप भण्डारी, डिफेन्डर एपीएफका कुलदीप कार्की, मिडफिल्डर विशाल तामाङ, फरवार्ड मछिन्द्रका हिसुव थपलिया र प्रशिक्षक मछिन्द्रका सन्तोष न्यौपाने घोषित भए । उनीहरुले जनही २५-२५ हजार रुपैयाँ पाए । प्रतियोगिताको अवसरमा सञ्चारकर्मी रविन्द्र वाईबालाई उत्कृष्ट खेलकुद पत्रकारिता पुरस्कारबाट सम्मान गरिएको छ । वाईबालाई १५ हजार रुपैयाँसहित पुरस्कृत गरिएको हो । सञ्चारकर्मी अनिल पराजुली, बिक्रमकुमार बानियाँ, विवेक सिंतान र आषिश बललाई सम्मान दिइएको छ ।

बागमती गाउँपालिका खेलकुद विकास समिति अध्यक्ष टीकालाल श्रेष्ठको सभाध्यक्षतामा भएको प्रतियोगिता समापन कार्यक्रममा बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तान, बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, नेपाल खेलकुद महासंघका सचिव किरण राई र बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, फुटबल संघ मकवानपुरका सचिव सुनिल लोप्चनलगायतको आतिथ्यता थियो ।

# दामन उपशाखाबाट रेडक्रसको राहत वितरण गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ विपदबाट क्षति भएका उत्तरी मकवानपुर पीडित परिवारलाई नेपाल रेडक्रस सोसाइटीबाट उपलब्ध गराउने राहत सामग्रीको प्याकेज रेडक्रसको दामन उपशाखाबाट पनि बितरण हुने भएको छ ।

मकवानपुरको उत्तरी क्षेत्रमा आईपर्ने बिपतबाट क्षति भएका परिवारलाई सहजरुपमा राहत उपलब्ध गराउनको लागि दामन उपशाखा मार्फत राहत बितरणको ब्यवस्था गरिएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरका सभापति लालबहादुर थापाले बताए । थापाले रेडक्रसको राहत प्याकेजमा त्रिपाल, भाडावर्तन, लत्ताकपडा, कम्बल लगायत तत्काल उपयोगमा आउने सामग्री भएको बताए ।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरले पालिकास्तर बाटै राहत सामग्री बितरणको ब्यवस्था मिलाउँदै आएको छ । रेडक्रसको राहत प्याकेजमा बिपत पश्चात तत्काल उपयोगमा आउने भएकोले स्थानीयस्तर बाटै उपलब्ध गराउनको लागि जिल्ला शाखासँगको समन्वयमा उपशाखा दामनमार्फत बितरण गर्ने ब्यवस्था गरिएको उपशाखाका निवर्तमान सभापति एवम् जिल्ला शाखा सदस्य राजकुमार केसीले बताए । उत्तरी मकवानपुरमा बिपतबाट क्षति भएको परिवारलाई उपशाखाबाट नै रेडक्रसबाट उपलब्ध हुने राहत सामग्री हस्तान्तरणको ब्यवस्था निरन्तर गरिने केसीले बताए ।

यसैबीच थाहा नगरपालिकाका आगलागी पीडित २ परिवारलाई नेपाल रेडक्रस सोसाइटीमार्फत उपलब्ध राहत सामग्रीको प्याकेज दामन उपशाखाले हस्तान्तरण गरेको छ । आगलागीबाट पूर्णक्षति भएका थाहा नगरपालिका वडा नम्बर ३ र ६ का पीडित परिवारलाई बिहिवार राहतस्वरुप रेडक्रसले पीडितलाई दामन उपशाखाको कार्यालय शिखर कोटबाट राहत प्याकेज सामग्री बितरण गरिएको सभापति मनश्याम बस्नेतले बताए ।

# १ र १९ नम्बर वडासहित बसर्पाकको सम्भाव्यता खोज्न अवलोकन

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ हेटौंडा उपमहानगरपालिकाको १ र १९ नम्बर वडा तथा १० नम्बर वडाको बसपार्क क्षेत्रको व्यवस्थित विकासका लागि सम्भाव्यता खोजीको प्रारम्भिक अध्ययन सुरु गरिएको छ ।



नगर विकास कोषका केन्द्रीय निर्देशक कृष्ण सापकोटाको नेतृत्वमा नगरप्रमुख मीनाकुमारी लामा, उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडाअध्यक्ष सविन न्यौपाने, १० नम्बर वडाअध्यक्ष फुर्वादोर्जे लामा र १९ नम्बर वडाअध्यक्ष नर नाथ सुवेदीसहितको टोलीले अवलोकन गरेको हो ।

१ नम्बर वडाको लालझाडी, मैनाटार नदीउकास, राप्ती पुलको उत्तरतर्फको नदीउकास, भैरवडाँडा क्षेत्रमा अवलोकन गरिएको थियो । यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै सार्वजनिक/निजी साझेदारी अवधारणाबाट उत्पादन र आयआर्जनमा जोड्न सम्भाव्यता अध्ययनका लागि अवलोकन गरिएको वडाध्यक्ष न्यौपानेले जानकारी दिए । भैरवडाँडा पर्यटकीय क्षेत्र हो ।

१९ नम्बर वडाको डिपोडाँडा क्षेत्रमा उत्पादन र स्थानीयबासीको आयआर्जन वृद्धिमा अध्ययन गरेर ग्रामीण भेगको व्यवस्थित विकासका लागि छलफल गरिएको छ ।

हेटौंडा बसर्पाकस्थित निर्माणाधीन बसपार्क टर्मिनल भवनको निर्माण कार्यको अवस्था, बसर्पाक क्षेत्रलाई समेटेर बन्न लागेको हेटौंडा कम्प्लेक्स आयोजनाको स्थलगत निरीक्षणसँगै बसपार्क क्षेत्रका कपडा तथा तरकारी व्यवसायीसँग छलफल गरिएको थियो । नगर विकास कोषका केन्द्रीय निर्देशक सापकोटाले सम्भाव्यता अध्ययन गरेर व्यवस्थित विकासको काम गर्न सकिने सुझाव दिएका छन् ।

# महिलालाई उद्यम विकास तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ हेटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकाको दलित समुदायका महिलाका लागि हेटौंडामा उद्यम विकास तालिम सञ्चालन गरिएको छ ।

नेपालमा दलित महिला तथा किशोरीको मानवअधिकार प्रवर्द्धन परियोजना अन्तर्गत फाउन्डेसन फर अ जस्ट सोसाइटीको सहयोगमा दलित महिला संघ फेडोले तालिमको आयोजना गरेको हो । ११ गतेसम्म सञ्चालन हुने तालिममा बकैया र हेटौंडाका ३२ समूहका प्रतिनिधि सहभागी रहेका छन् । दलित महिलाले गर्दै आएको उद्यमलाई सहयोग गर्दै थप व्यवस्थित रुपमा काम गर्ने वातावरण बनाउनका लागि तालिमको आयोजना गरिएको फेडोका परियोजना संयोजक विमला विश्वकर्माले जानकारी दिइन् ।

तालिमको दलित महिला संघका उपाध्यक्ष एवम् जिल्ला समन्वय समिति मकवानपुरका सदस्य सुनिता दर्नालले उद्घाटन गरेकी हुन् । सचिव मञ्जु रोक्काले स्वागत मन्तव्य व्यक्त गर्दै तालिममा सिकेका सीपलाई व्यवहारमा लागू गर्न अनुरोध गरिन् ।

व्यवसाय गर्ने दलित महिलाको समूहलाई आवश्यकता अनुसार बीउपूँजी समेत सहयोग गरिने आयोजकले बताएको छ । तालिमका सहभागीलाई प्रशिक्षक राजबहादुर गिरीले सहजीकरण गरिरहेका छन् ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।




**हाम्रा विशेषताहरुः**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कमजोर कार्यसम्पादन

कार्यसम्पादनमा मकवानपुरका १० वटै स्थानीय तह कमजोर देखिएका छन् । हेटौंडा र थाहा नगरपालिकाको कार्यसम्पादन औसत रहेपनि बाँकी ८ वटा स्थानीय तह कमजोर देखिएका हुन् । स्थानीय सरकारले आफू अब्बल बनेर मातहतका निकायलाई प्रभावकारी बनाउनु पर्ने थियो तर, सरकारकै कार्यसम्पादन फितलो भएपछि कस्को के लाग्छ ? पालिकाले नागरिकलाई दिने सेवासुबिधामा भन्दा जनप्रतिनिधिले लिने सेवासुबिधामा बढी चासो र चिन्ताकै कारण कार्यसम्पादन कमजोर बनेको हो । एक जना चिकित्सकले आफू चाहिं चुरोटको धुँवा उडाउँदै गर्ने र बिरामीलाई धुम्रपान गर्न हुन्न भनेर सल्लाह दिने कार्य भयो भने के हुन्छ ? अर्को उदाहरण शिक्षकले विद्यार्थीकै अगाडि सुर्तीचुरोट खाने अनि विद्यार्थीलाई भने सुर्ती चुरोट खानु हुन्न भनेर अर्तिउपदेश दियो भने विद्यार्थीले के बुझ्ला ? यस्तै प्रश्न पालिकाको कार्यसम्पादनले उठाएको छ ।

पालिकाको आफ्नै कार्यसम्पादन कमजोर भएपछि नागरिक वा मतदातालाई के जवाफ दिने ? चालू आर्थिक वर्ष २०७९/८० को स्थानीय सरकारको कार्यसम्पादन मूल्यांकनको प्रारम्भिक नतिजामा मकवानपुरका १० पालिकामध्ये पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका सबैभन्दा कमजोर र हेटौंडा उपमहानगरपालिका सबैभन्दा अगाडि छ । मूल्यांकनमा जिल्लाका पाँचवटा पालिकाले मात्रै ३० अंक कटाउन असफल भएका छन् । हेटौंडा अंकमा अगाडि भएपनि १७ वटा सूचकमध्ये ५ वटा सूचकमा शुन्य अंक पाएको छ । थाहा नगरपालिकाको ३ वटा सूचकमा मात्र शुन्य अंक छ । शुन्य सूचकको आधारमा मूल्यांकन गर्दा थाहा नगरपालिका जिल्लाकै शुन्य सूचक कम भएको स्थानीय तह हो । कार्यसम्पादन मूल्याङकनको सूचकका आधारमा स्थानीय तहमा वित्तीय समानीकरण अनुदानको अंक निर्धारण हुने गर्दछ । प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको कार्यसम्पादन मूल्यांकन अनुसार सबैजसो प्रदेश र स्थानीय तहको नतिजा कमजोर देखिएको हो । स्थानीय तहले कार्यसम्पादन मूल्यांकनको आधारमा प्राप्त गरेको अंक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको थियो । हेटौंडा उपमहानगरपालिकाले ३७ दशमलव ११ अंकसहित जिल्लामा पहिलो बनेको हो । मूल्यांकनमा थाहा नगरपालिकाले ३६ दशमलव ६६ अंक प्राप्त गरेर दोस्रो भएको छ । इन्द्रसरोवर गाउँपालिकाले २५ दशमलव ५२ अंक पाएको छ । इन्द्रसरोवरको ८ वटा सूचकमा शुन्य अंक छ ।

कैलाश गाउँपालिकाले ५ सूचकमा शुन्यसहित ३२ दशमलव ५२, मनहरीले ८ सूचकमा शुन्य अंकसहित २९ दशलव ८४, भीमफेदीले ६ सूचकमा शुन्य अंकसहित ३१ दशमलव ९१, मकवानपुरगढीले ६ वटा सूचकमा शुन्यसहित ३१ दशमलव ९७, बकैयाले १० सूचकमा शुन्यसहित २४ दशमलव ८४ अंक र राक्सिराङले ८ सूचकमा शुन्यसहित २४ दशमलव २४ अंक प्राप्त गरेको छ । कार्यसम्पादनमा सबैभन्दा कमजोर बागमती गाउँपालिकाले कार्यसम्पादन मूल्यांकनमा १६ दशमलव २२ अंक मात्र पाएको छ । बागमतीले ९ वटा सूचकमा अंक शुन्य पाएको छ । कार्यसम्पादन मूल्यांकनमा समग्र स्थानीय तहमध्ये अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले ६१ दशमलव ८१ अंक प्राप्त गरी पहिलो भएको छ । चितवनको भरतपुर महानगरपालिका ५६ दशमलव २९ अंक सहित दोस्रो र गुल्मीको मालिका गाउँपालिका ५५ दशमलव ४० अंकसहित तेस्रो भएको हो । सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका चौथो, सिन्धुपाल्चोककै भोटेकोशी गाउँपालिका पाचौं, गुल्मीको चन्द्रकोट गाउँपालिका छैठौं, अर्घाखाँचीको छत्रदेव गाउँपालिका सातौं, गुल्मीको रेसुंगा नगरपालिका आठौं, सिन्धुपाल्चोककै पाँचपोखरी थाङपाल गाउँपालिका नवौं र प्युठानको सरुमारानी गाउँपालिका दशौं भएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन १२ गते शनिबार २४ फेब्रुअरी २०२४ । पूर्णिमा, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:३६, सूर्यास्त ६:०० । श्री स्वस्थानी व्रत समाप्त ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दिन रमाइलो हुनेछ | **तुला** | : आफन्तले धोका दिन सक्नेछन् |
| **वृष** | : मन खिन्न हुनेछ | **वृश्चिक** | : मनमा उमङ्ग बढ्नेछ |
| **मिथुन** | : शरीरमा स्फुर्ती बढ्नेछ | **धनु** | : रमाइलो छोटो यात्रा हुनेछ |
| **कर्कट** | : घरायसी मेलमिलाप हुनेछ | **मकर** | : काम गर्ने आत्मबल बढ्नेछ |
| **सिंह** | : पढाइलेखाइमा सफलता मिल्नेछ | **कुम्भ** | : अरुको विश्वास जित्न सकिनेछ |
| **कन्या** | : घरेलु समस्याले सताउनेछ | **मीन** | : विवाद बढ्न सक्नेछ |

# जलविद्युतको औपनिवेशीकरण



✍ रत्न संसार श्रेष्ठ

नेपाल र भारतबीच १० वर्षमा १० हजार मेगावाट जलविद्युत् निर्यात गर्ने सम्झौतामा दस्तखत हुँदा एउटा तप्का नेपालले ठूलो परिमाणमा परिवर्त्य मुद्रामा आम्दानी गरेर व्यापार तथा शोधनान्तर घाटा घटी देश समृद्ध बन्छ भनेर खुशी भए । नेपालका अधिकांश नेता, कर्मचारी, बुद्धिजीवी जलविद्युत् निर्यात गरेर व्यापार र शोधनान्तर घाटा घटाउने सोम शर्मा सपना देख्ने गर्छन्, जसलाई 'हाइड्रो-डलर' पनि भनिन्छ । अर्को तप्काले यो सम्झौतालाई अर्को राष्ट्रघाती कदम ठहऱ्याए ।

यस सन्दर्भमा जलविद्युत् निर्यात गरेर नेपालको कोषमा वास्तवमा नै रकम प्राप्त हुन्छ कि हुँदैन र हुन्छ भने के-कति रकम प्राप्त हुन्छ भन्ने आकलन गरिनुपर्छ । साथै जलविद्युत् नेपालमा नै उपयोग गर्दा अर्थतन्त्र के कसरी समृद्ध हुन्छ भन्ने पनि विवेचना गरिनुपर्छ । समग्रमा जलविद्युत् निर्यात गर्दा र देशमा उपयोग गर्दा हुने लाभको तुलनात्मक विवेचना पनि गरिनुपर्छ । पञ्चायतकालमा ४०२ मेगावाट क्षमताको अरुण-३ कार्यान्वयन गर्न लाग्दा यसको बिजुली उपयोग गरेर नेपालमा रासायनिक मल कारखाना स्थापना गर्ने कि निर्यात गर्ने भन्ने विकल्पमा छलफल हुँदा निर्यात रोजिएको थियो ।

पछि तत्कालीन भारतीय राजदूत अरविन्द रामचन्द्र देवसँग नेपालका नेताहरूले बिजुली किनिदिन आग्रह गरेका थिए । तर उनले नेपालमा नै ऊर्जा सघन उद्योगहरू सञ्चालन गर्ने सल्लाह दिएकोमा नेपाली पक्षले उद्योग सञ्चालन गर्न अनिच्छा दर्शाएका थिए ।

पछिल्लो सम्झौताको दफा ५ मा १० वर्षमा १० हजार मेगावाट निर्यात गरिने उल्लेख छ र नेपाल विद्युत् प्राधिकरणले उक्त अवधिमा सो परिमाण निर्यात गर्न सक्छ कि सक्दैन भन्ने सम्बन्धमा विवेचना गरिनुपर्छ । गत भदौसम्ममा जम्मा ६३२ मेगावाट बिजुली निर्यात गर्न भारतीय एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेडसँग सम्झौता गरेको थियो । र, गत आर्थिक वर्षसम्ममा प्राधिकरण अन्तर्गत २ हजार ५३८ मेगावाट जलविद्युत् उत्पादन क्षमता थियो ।

यही अनुपात कायम रहे प्राधिकरणले १० हजार मेगावाट जलविद्युत् निर्यात गर्नको लागि त्यस मातहत ४० हजार मेगावाट जडित क्षमता हुनुपर्छ । अर्थात् आगामी १० वर्षमा प्राधिकरण अन्तर्गत साढे ३७ हजार मेगावाट जलविद्युत् उत्पादन क्षमता थपिनुपर्छ । जुन सम्भव देखिँदैन । किनभने १९६८ सालमा ५०० किलोवाट क्षमताको जलविद्युत् गृह फर्पिङमा सञ्चालनमा आएकोमा ११२ वर्षमा जम्मा क्षमता साढे २५०० मेगावाट पुगेकोमा अर्को १० वर्षमा प्राधिकरण अन्तर्गत साढे ३७ हजार मेगावाट थप्नु कल्पनातीत छैन ।

### निर्यातमूलक आयोजना

प्राधिकरणको क्षमता नरहेको र प्राधिकरणले नेपालमा उपयोग हुन नसक्ने वा खेर जाने वर्षायामको र न्यून माग हुने रातको समयको जलविद्युत् मात्र भारतमा निर्यात गर्दै आएकोमा यस्तो जलविद्युत् मात्र नेपालबाट आयात गर्ने भारतको अभीष्ट अवश्य पनि होइन । यस्तो बिजुलीको अर्थशास्त्रीय हिसाबले गुणस्तर न्यून हुन्छ र तदनुरूप मूल्य पनि न्यून नै हुन्छ । भारतको यही अभीष्ट पूर्ति गर्न २०६३ सालमा गिरिजाप्रसाद कोइरालाको सरकारले तीन वटा जलविद्युत् आयोजनालाई निर्यातमूलक बनाएर भारतीय निजी क्षेत्रलाई सुम्पिने प्रक्रिया सुरु गरेका थिए । यसो गर्दा नेपाल र भारतका सरकारहरू बीच कुनै सन्धि गर्नुपर्दैन र महाकाली सन्धि संसद्बाट अनुमोदन गराउँदाको संघर्षको पुनरावृत्ति गर्नु पर्दैन भन्ने आकलन गरिएको हुनुपर्छ ।

यही प्रक्रियामा अहिलेसम्म जम्मा ४ हजार ६४९ मेगावाट क्षमताका निम्न ७ वटा जलविद्युत् आयोजनाहरूलाई निर्यातमूलक बनाएर भारतीय निजी क्षेत्रका कम्पनीहरूसँग सम्झौता/समझदारीपत्र आदि गरेर सुम्पिइसकेको छ ।

| आयोजना | जडित क्षमता मेगावाटमा |
|---|---|
| अरुण-३ | ९०० |
| अरुण-४ | ४९० |
| तल्लो अरुण | ६७९ |
| माथिल्लो कर्णाली | ९०० |
| पश्चिम सेती | ७५० |
| सेती नदी-६ | ४५० |
| फुकोट कर्णाली | ४८० |
| जम्मा | ४,६४९ |

यी आयोजनाहरूबाट नेपालमा उपयोग हुन नसकेर खेर जाने जलविद्युत् निर्यात गरिने नभएर सुख्खायामको र उच्चतम माग हुने समयको उच्च गुणस्तरको बिजुली पनि निर्यात गरिने हो । यी आयोजनाहरूबाट नेपाल आफैंले भारतमा जलविद्युत् निर्यात गर्ने पनि होइन । नेपालका नदी-नालाहरूमा अवस्थित आयोजनास्थल नै भारतीय निजी कम्पनीलाई सुम्पिएको हो ।

यसमा थप ५ हजार ३५१ मेगावाट क्षमताका जलविद्युत् आयोजनाहरू यही शैलीमा भारतीय निजी क्षेत्रलाई सुम्पिएमा सजिलै १० हजार मेगावाट पुग्नेछ । तसर्थ १० हजार मेगावाट जलविद्युत् निर्यात गर्ने सम्झौताको अभीष्ट पनि यही शैलीमा नेपालका नदी-नालाका आयोजनास्थलहरू नै भारतलाई सुम्पिँदै जाने हो, जुन राष्ट्रघाती कदम हो ।

माथि उल्लिखित निर्यातमूलक आयोजनाहरूको स्वामित्व भारतीय निजी कम्पनी र बिजुली खरिदकर्ता पनि भारतीय हुनाले जलविद्युत् बिक्रीको रकम नेपाल प्रवेश गर्दैन । जलविद्युत् आयोजनाहरू भारतीय निजी क्षेत्रलाई सुम्पिएर १० वर्षमा १० हजार मेगावाट प्रति युनिटको ५ अमेरिकी सेन्टमा निर्यात गरिए हुने निर्यात मूल्य अन्दाजी १ अर्ब ७० करोड अमेरिकी डलर हुन आउँछ । त्यसले नेपालको न व्यापार घाटा घट्छ न शोधनान्तर घाटा नै ।

किनभने यी आयोजनाहरूका प्रवर्धकहरूलाई जलविद्युत् किन्नेले दिने भुक्तानी नेपालको बैंकिङ प्रणालीबाट लेनदेन गरे अनावश्यक रूपमा ठूलो रकम बैंकहरूलाई कमिशन आदि तिर्नुपर्छ र एक रात मात्र पैसा नेपालमा अवरुद्ध भए ठूलो रकम ब्याजमा घाटा हुन्छ । त्यसैले यी आयोजनाहरूबाट जलविद्युत् निर्यात भएर नेपालको शोधनान्तर घाटामा कुनै प्रभाव पर्दैन । व्यापार घाटा आँकडामा त घट्ला, तर रकम नेपाल प्रवेश नगर्ने हुनाले नेपाललाई तात्विक लाभ हुन्न ।

### अर्थतन्त्रमा मूल्य अभिवृद्धिबाट वञ्चित

आकर्षक जलविद्युत् आयोजनाहरूलाई यसरी निर्यातमूलक बनाएर भारतलाई सुम्पिंदा पर्ने अर्को गम्भीर आर्थिक पाटो विचारणीय छ । अमेरिकी सहयोग निगमले गराएको एक अध्ययन अनुसार नेपालमा १ युनिट बिजुली खपत भए अर्थतन्त्रमा ८६ अमेरिकी सेन्ट -हाल विद्यमान विनिमय दर अनुसार ११३ रुपैयाँ) ले मूल्य अभिवृद्धि हुन्छ । एउटै ९०० मेगावाट क्षमताको अरुण-३ आयोजनाबाट उत्पादन हुने ३ अर्ब ९२ करोड युनिट बिजुलीमध्ये नेपालले नि:शुल्क पाउने २१.९ प्रतिशत बिजुली कटाएर ३ अर्ब ६ करोड युनिट निर्यात गर्दा नेपालको अर्थतन्त्र वार्षिक करिब २ अर्ब ६४ करोड अमेरिकी डलरले मूल्य अभिवृद्धि हुनबाट वञ्चित हुन्छ, जुन भारतलाई नेपालले अनुदान दिए सरह हो ।

जबकि भारतले नेपाललाई अर्को वर्ष दिने भनिएको अनुदानको रकम ६५० करोड भारतीय रुपैयाँ (१० अर्ब ४० करोड रुपैयाँ) मात्र हो, जुन हालको विनिमय दर अनुसार ७ करोड ९२ लाख डलर मात्र हो । अनि बिजुली ५ सेन्टमा निर्यात गरिए अरुण-३ को वार्षिक निर्यात मूल्य १५ करोड ३२ लाख अमेरिकी डलर मात्र हुन्छ, जुन रकम नेपाल प्रवेश गर्न नै पाउँदैन । अरुण-३ कै शैलीमा २१.९ प्रतिशत बिजुली नेपालले नि:शुल्क पाउने गरेर भारतीय निजी क्षेत्रलाई १० हजार मेगावाट सुम्पिएको अवस्थामा नेपालको अर्थतन्त्र वार्षिक २९ अर्ब २८ करोड अमेरिकी डलरले मूल्य अभिवृद्धि हुनबाट वञ्चित हुन्छ । तर नेपाल प्रवेश नगर्ने वार्षिक निर्यात मूल्य भने १ अर्ब ७० करोड अमेरिकी डलर मात्र हुन्छ, यदि ५ सेन्टमा निर्यात गरिए । घाटा व्यापारको ज्वलन्त उदाहरण !

### जलाशययुक्त आयोजनाको बिजुली र पानी

७५० मेगावाट क्षमताको पश्चिम सेती जलाशययुक्त आयोजना र त्यसको जलप्राप्ति ४५० मेगावाट क्षमताको सेती नदी ६ आयोजनालाई पनि निर्यातमूलक बनाएर राष्ट्रघात गरिएको छ । यी दुई आयोजनाहरूबाट नेपालमा उच्चतम माग हुने समय र सुख्खायाममा निश्चित परिमाणमा बिजुली उत्पादन गर्न सकिन्छ, जुन नदी प्रवाही आयोजनाको बिजुली भन्दा बहुमूल्य हुन्छ । यस्तो बिजुली नेपाललाई नै अत्यावश्यक छ, तर निर्यातमूलक बनाएर भारतलाई सुम्पिइसकियो ।

यी दुईबाट जम्मा ४ अर्ब ५४ करोड युनिट जलविद्युत् निर्यात गरिए नेपालको अर्थतन्त्र वार्षिक ३ अर्ब ९७ करोड डलरले मूल्य अभिवृद्धि हुनबाट वञ्चित हुन्छ । उक्त परिमाणको बिजुली ५ अमेरिकी सेन्टमा निर्यात गरे २२ करोड ७२ लाख डलर मात्र मूल्य हुन्छ, जुन नेपालमा प्रवेश गर्दैन । नेपालले पाउने त नि:शुल्क बिजुली, रोयल्टी र निकासी करबाट अन्दाजी ७ करोड ५५ लाख डलर मात्र हो । अनि नेपालले यी दुई आयोजनाहरूलाई निर्यातमूलक बनाएकोले देशले व्यहोर्ने खुद घाटा वार्षिक ३ अर्ब ८३ करोड डलर हो ।

यो जलाशययुक्त आयोजनालाई बहुउद्देश्यीय नबनाई जलविद्युत् आयोजनाको रूपमा निर्यातमूलक बनाएकोले राष्ट्रलाई अर्को घात भएको छ, पानीको बहुआयामिक उपयोगबाट लाभान्वित हुनबाट नेपाल वञ्चित हुने भएर । यो आयोजनालाई बहुउद्देश्यीय बनाउने सोच र योजना नै छैन । यसबाट सुख्खायाममा नि:सृत हुने ९० क्युमेक पानी भारतलाई नि:शुल्क सुम्पिने प्रपञ्च गरिएको छ । लेसेथोले दक्षिण अफ्रिकाबाट सन् २०२० मा १ क्युमेक पानीको २७ लाख ८९ हजार पाएको नजीर छ । यो हिसाबले पश्चिम सेतीबाट नि:सृत हुने वार्षिक २५ करोड डलर पर्ने ९० क्युमेक नियन्त्रित पानी भारतलाई नि:शुल्क दिने प्रपञ्च गरिएको छ ।

माथि उल्लेख गरिए झैं भारतले नेपाललाई अर्को आर्थिक वर्ष ७ करोड ९२ लाख अमेरिकी डलर मात्र अनुदान दिनेमा एउटै यो आयोजनाबाट नि:सृत हुने २५ करोड डलर मूल्यको नियन्त्रित पानी भारतलाई नि:शुल्क टर्क्याउनु मूर्खता हो । पश्चिम सेतीलाई जलविद्युत् आयोजना मात्रको रूपमा भारतीय कम्पनीलाई सुम्पिंदा नेपाललाई यसरी दोहोरो घाटा हुन्छ ।

यसअघि नेपाल लगानी बोर्डले चाइना थ्री गर्जेज कर्पोरेशनलाई पश्चिम सेती आयोजना सम्बन्धमा सम्झौता गरिंदा संसद्को प्राकृतिक स्रोत र साधन समितिले २०६८ साल चैतमा यो आयोजनालाई बहुउद्देश्यीय बनाउने सोच छ कि छैन ? यो आयोजनाको कारणले वृद्धि भएको पानी तल्लोतटीय क्षेत्रमा उपयोग भइसकेपछि हाम्रो अधिकार हुन्छ कि हुँदैन ? यही आयोजनामा आबद्ध गरेर सिंचाइ आयोजना प्रस्ताव गर्न सकिन्छ कि सकिँदैन ? लगायत प्रश्नहरू सोधिएको थियो ।

तर २०७५ साउनमा उक्त चिनियाँ कम्पनीलाई यो आयोजनाबाट हात झिक्न बाध्य पारियो र २०७९ भदौमा एनएचपीसी लिमिटेड नामक भारतीय कम्पनीलाई सुम्पेपछिको अवस्थामा संसदीय समितिको माथि उल्लिखित महत्वपूर्ण प्रश्नहरूको उत्तर के हुने हो भन्ने अन्योल सृजना भएको छ । जुन हिसाबले राज्य अगाडि बढेको छ, त्यस अनुसार न संसदीय समितिको उत्तर दिइन्छ न नियन्त्रित पानी भार तले पाए बापत लेसेथोको नजीर अनुसार रकम प्राप्त गर्ने प्रयास गरिने लक्षण छ, जुन यो देशको लागि धेरै दुर्भाग्यपूर्ण हो ।

### आन्तरिक उपयोग र कमलरीकरण

विवादको मुख्य बुँदा नै कच्चा पदार्थ सरहको जलविद्युत् निर्यात गर्ने कि त्यसको नेपालमा नै उपयोग गरेर देशको औद्योगीकरण गर्ने भन्ने दुई भिन्न ध्रुवको सिद्धान्त हो । औद्योगीकरण गरेर उत्पादित वस्तु निर्यात वा आयात प्रतिस्थापन गर्दा देशमा उत्पादन वृद्धि भएर व्यापार तथा शोधनान्तर घाटा घट्नुको साथै देशमा रोजगारी पनि सृजना हुन्छ ।

अर्थात् प्रति युनिट ८/१० रुपैयाँ भन्दा कममा जलविद्युत् निर्यात गर्नुको सट्टा त्यसको उपयोग गरेर उत्पादित वस्तु निर्यात अथवा आयात प्रतिस्थापन गर्दा जलविद्युत् निर्यात गर्दा भन्दा बढीले देशको अर्थतन्त्र लाभान्वित हुनेथियो । अहिले नेपालको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १२ प्रतिशत मात्र भएकोले गर्दा नेपालको अर्थतन्त्र आत्मनिर्भर बन्न सकेको छैन भने बेरोजगार युवा रोजगारीको लागि विदेशमा शोषित हुन बाध्य छन् ।

नेपालको जलविद्युत् आयात गर्न चाहने भारतको कुल गार्हस्थ्य उत्पादनमा अहिले नै औद्योगिक क्षेत्रको योगदान २८ प्रतिशत हुँदा पनि नेपालबाट बिजुली आयात गरेर थप औद्योगीकरण गरी रोजगारी सृजना गर्न तथा उत्पादन वृद्धि गर्न उद्यत छ । नेपालमा भने जलविद्युत् उपयोग हुन सक्दैन भन्दै निर्यात गर्नुपर्छ भन्ने नेपालका नेता, कर्मचारी तथा बुद्धिजीवी दरिद्र सोचमा मग्न छन् ।

अधिकांश नेपाली भुटान बिजुली निर्यात गरेर समृद्ध भएको भन्ने भ्रममा छन् । त्यहाँको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान ३४ प्रतिशत रहेको सम्बन्धमा अनभिज्ञ छन् । नेपालमा गत वर्ष प्रति व्यक्ति बिजुली खपत ३८० युनिट मात्र थियो भने भारतमा १३०० युनिट । अझ भुटानमा ५५०० युनिट भन्दा बढी थियो । नेपाललाई सिंगापुर बनाउँछु भन्ने नेताहरूलाई ज्ञान छैन होला कि त्यहाँ प्रति व्यक्ति बिजुली खपत ९ हजार ८०० युनिट छ । नेपाललाई भारतको समकक्षमा पुऱ्याउन ९ हजार मेगावाट आवश्यक हुन्छ भने भुटानको समकक्षमा पुग्न त झण्डै ३९ हजार मेगावाट आवश्यक हुन्छ । अझ सिंगापुरको समकक्षमा पुग्न त ६९ हजार मेगावाट आवश्यक हुन्छ, जबकि नेपालको आर्थिक दृष्टिकोणबाट सम्भाव्य क्षमता नै ४३ हजार मेगावाट मात्र हो ।

त्यसकारण नेपालले अधिकतम बिजुली उपयोग गरेर कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान वृद्धि नगरिकन न बेरोजगारीको समस्या समाधान हुन्छ न तात्विक रूपमा व्यापार र शोधनान्तर घाटा आदिको । साथै नेपालले अहिले वार्षिक ३ खर्ब भन्दा बढीको पेट्रोलियम पदार्थ आयात गरेर यातायात क्षेत्रबाट प्रदूषण उत्सर्जन गराइँदैछ । हवाई बाहेक समग्र यातायात क्षेत्रलाई विद्युतीकरण गरे न निर्यात गर्ने बाध्यता हुन्छ न परिवर्त्य मुद्रा खर्चेर आयात नै गर्नुपर्छ । साथै यसबाट नेपालले खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्न पनि सघाउँछ ।

माथि उल्लिखित आयोजनाहरू भारतीय निजी क्षेत्रलाई सुम्पिनुको कारणमा नेपालमा लगानीयोग्य रकमको अभाव दर्शाइन्छ, जुन सत्य होइन । बैंक, जलविद्युत् लगायत कुनै पनि कम्पनीको प्राथमिक शेयर निष्काशन हुँदा मागभन्दा दशौं गुणा बढी आवेदन परेकोबाट नेपालमा लगानीयोग्य रकमको अभाव छैन भन्ने सिद्ध हुन्छ । यसको साथै विप्रेषणबाट मात्रै एक वर्षमा १२ खर्ब रुपैयाँ भन्दा बढी नेपाल प्रवेश गरिरहेको छ । यसको १० प्रतिशत मात्र जलविद्युत् निर्माणमा लगाए प्रति मेगावाटको २० करोड रुपैयाँ लागतको हिसाबमा २४०० मेगावाट जलविद्युत् आयोजना निर्माण गर्न सकिन्छ र १० वर्षमा २४ हजार मेगावाट जलविद्युत् आयोजना निर्माणार्थ लगानीको अभाव हुन्न ।

फेरि नेपालमा विदेशी लगानी नै प्रवेश गराउनु नहुने पनि होइन । नर्वेको लगानीमा खिम्ती, अमेरिकी लगानीमा भोटेकोशी जस्ता आयोजना निर्माण गरिए पनि ती आयोजनाबाट उत्पादित जलविद्युत् लगानीकर्ताको देशमा निर्यात गरिएन, नेपालमै उपयोग गरियो । सामान्य प्रचलन अनुसार लगानीकर्ताले आफ्नो लगानीको प्रतिफल लैजाने हो । तर भारतीय लगानीमा आयोजना निर्माण गरिएकै कारणले गर्दा त्यस आयोजनाबाट उत्पादित अधिकांश जलविद्युत् भारत लैजाने भनेको कमलरीकरण हो । यो त रकमको अभावमा साहुकारसँग ऋण लिए बापत ऋणको ब्याज मात्र तिरेर नपुगी ऋणीले साहुकारलाई ऋण चुक्ता नभएसम्मको लागि छोरीलाई कमलरी राखे जस्तो हो । जहाँ ती छोरीले जीवनको अधिकांश उत्पादक समय व्यतीत गर्छिन् ।

### औपनिवेशीकरण

औपनिवेशिक शक्तिले उपनिवेशबाट त्यहाँको कच्चा पदार्थ, प्राकृतिक स्रोत लगायत दोहन गरेर आफ्नो देश लगी आफ्नो देशको अर्थतन्त्रमा मूल्य अभिवृद्धि गरेर समृद्धि हासिल गर्छ । बेलायतले भारतबाट पनि यस्तै गर्थ्यो । नेपाल कहिल्यै उपनिवेश रहेन । तर यसरी जलविद्युत् आयोजनाहरू नै भारतलाई सुम्पिनु भनेको नेपाल आफैंले भारतलाई नेपालको जलस्रोतको औपनिवेशिक दोहन गर्न दिनु हो । जसलाई औपनिवेशीकरण भनिन्छ । नेपालले उपयोग गरेर उब्रेको बिजुली निर्यात गर्नु भने औपनिवेशिक होइन ।

साथै जलाशययुक्त आयोजनाहरूबाट नि:सृत हुने मूल्य अभिवृद्धि गरिएको पानी नि:शुल्क सुम्पनु पनि औपनिवेशीकरण गर्न दिनु हो । यी सबैमा भारतीय पक्षको दोष छैन । उनीहरू आफ्नो मातृभूमिप्रति देशभक्त र राष्ट्रवादी छन् । नेपालीहरूले न अन्तर्राष्ट्रिय कानुनमा आधारित गरेर सम्झौता गर्छन्, न अन्तर्राष्ट्रिय नजीर ध्यानमा राख्छन् । त्यसैले दोष लम्पसारवादी प्रवृत्तिका नेपालका नेता, कर्मचारी र बुद्धिजीवीहरूको हो । नेपालका अधिकांश नेता, कर्मचारी र बुद्धिजीवी उत्पादित बिजुली देशमा खपत हुन सक्दैन भन्छन् । तर कारणमा ध्यान दिँदैनन् । बिजुली त्यस्तो वस्तु हो, जुन बाल्टिन, भाँडो, सिलिन्डरमा भरेर, झोलामा या पोको पारेर लगी उपयोग गर्न सकिन्न । प्रसारण र वितरण पूर्वाधार केही ठूला शहरहरू र तराईका औद्योगिक करिडोरहरूमा सीमित छ ।

त्यसमा पनि तराईमा नै सञ्चालित होङ्सी सिमेन्ट उद्योगले धेरै समय डिजल उपयोग गरेर सिमेन्ट उत्पादन गर्दै आएकोमा परार मात्र ५० मेगावाट बिजुली उपलब्ध गराइयो, जुन यथेष्ट होइन । त्यस्तै तराईका धेरै उद्योगले आवश्यकता अनुरूप बिजुली पाएका छैनन् । अझ, तराईका धेरै किसानले भूमिगत पानी डिजल पम्पले तानेर सिंचाइ गर्छन्, बिजुलीमा पहुँच नहुनाले । बिजुली उपयोग गर्न सकिने यस्ता धेरै क्षेत्र छन् जहाँ राज्य सञ्चालकको ध्यान पुग्नसकेको छैन । ७५३ वटै पालिकामा औद्योगिक स्तरको बिजुली पुऱ्याउने हो भने बिजुलीको माग बढ्नाको साथै द्रुत गतिमा औद्योगीकरण भएर रोजगारी सृजना हुनाको साथै उत्पादन वृद्धि भई आयात प्रतिस्थापन र निर्यात वृद्धि भए व्यापार र शोधनान्तर घाटा तात्विक रूपमा घटेर देश समृद्ध हुन्थ्यो ।

राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेडले २०७५ सालमा सन् २०४० सम्ममा उत्पादन गरिने ४० हजार मेगावाट जलविद्युत्लाई व्यवस्थापन गर्न प्रसारण प्रणाली विकास योजना तयार पारेको रहेछ । जसमा नेपाललाई ५ क्षेत्रमा विभाजन गरेर प्रसारण लाइनहरू निर्माण गर्ने लक्ष्य लिइएको छ । चाखलाग्दो कुरा के छ भने यसरी विभाजित पाँचैवटा क्षेत्रमा निर्माणाधीन र निर्माण गरिने सबै जलविद्युत् आयोजनाहरूबाट उत्पादित अधिकांश बिजुली भारत निर्यात गर्ने गरेर पूर्वाधार निर्माण गर्ने योजना बनाइएको रहेछ । त्यसमा सन् २०४० सम्ममा निर्माण गर्ने लक्ष्य राखिएको नेपाल-भारत अन्तरदेशीय प्रसारण लाइनहरू: नेपालको सुरु हुने बिन्दु र भारतमा गन्तव्यलम्बाइ किलोमिटरमा

इनरुवा-पूर्णिया ११०
बुटवल-गोरखपुर १२५
फूलबारी (दाङ)-लखनऊ २००
दोदोधरा- बरेली २००
अत्तरिया- बरेली १४०

स्मरणीय छ, निम्न ढल्केबार-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण सञ्चालनमा आइनै सकेको छ ।

यसरी नेपालमा उत्पादित अधिकांश जलविद्युत् भारत निर्यात गर्ने गरेर नेपालको ढल्केबर, इनरुवा, बुटवल, फूलबारी, दोदोधरा र अत्तरिया समेत ६ वटा बिन्दुबाट ४०० केभी प्रसारण लाइनबाट भारत निर्यात गर्न आवश्यक पूर्वाधारको व्यवस्था भयो र गरिँदैछ । तर नेपालका ७५३ वटै पालिकामा औद्योगिक स्तरको बिजुली पुऱ्याउन भने पूर्वाधार निर्माण गर्ने सोच र योजना देखिंदैन । हुनत सन् २०४० सम्ममा निम्न नेपाल-चीन अन्तरदेशीय प्रसारण लाइनहरू निर्माण गर्ने अवधारणा पनि उक्त योजनामा छ: नेपालको सुरु हुने बिन्दु र चीनमा गन्तव्यलम्बाइ किलोमिटरमा

किमाथांका-लात्से २५०
चिलिमे-केरुङ ८०

तर चीनले नेपालबाट बिजुली आयात गरेर लगी उपयोग गर्ने अवस्था छैन । काठमाडौंबाट रसुवागढी हुँदै केरुङसम्म विद्युतीय रेल सञ्चालनमा आएमा भने चिलिमे-केरुङ प्रसारण लाइनको नेपालको बिजुली उपयोग हुनसक्छ ।

### सम्झौतामा जलविद्युत्, निशानामा जल

हाल महाकाली नदीको पानीले उत्तर प्रदेशमा वर्षायाममा २५ लाख ४० हजार हेक्टर जमिनमा सिंचाइ गरिन्छ । पञ्चेश्वर आयोजना निर्माण सम्पन्न भएपछि त्यसको जलाशयमा सञ्चित पानीले उक्त क्षेत्रमा सुख्खायाममा पनि सिंचाइ गरिने मात्र होइन यमुना-सतलज नहर प्रणालीबाट सो पानी भारतको राजधानी दिल्लीसम्म पुऱ्याउने योजना छ । त्यसैले भारतको आँखा नेपालको पानीमा छ । तर यसमा भारतीय पक्षको दोष छैन । नेपालका राज्य संचालकले नेपालमा बनाइने जलाशयबाट नि:सृत हुने पानीको लेसेथोको नजीर अनुसार रकम चाहिन्छ भन्ने हिम्मत गर्न नसक्नु भारतीयहरूको गल्ती होइन ।

*(साभार: अनलाइनखबर)*

# महासमिति सकियो, मुख्य मुद्दामा अलमल कायमै

काठमाडौं/ललितपुरको गोदावरीमा चार दिन चलेको महासमिति बैठक सफल भएको निष्कर्षका साथ समापन गर्नुअघि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भने, 'नेपाल र नेपाली कांग्रेसको राजनीतिमा विशिष्ट ऐतिहासिक महत्व राख्ने मैले विश्वास लिएको छु ।'

देउवा मात्र होइन, समापन समारोहलाई सम्बोधन गरेका सबै नेताहरुले महासमिति बैठक सफल भएको बताए । यथार्थमा भने महासमिति बैठक कांग्रेसले अब हिँड्ने बाटो तय गर्न असफल भएको छ । बैठकले पार्टी संगठन निर्माण, संविधान संशोधन र सरकारको काम कारबाहीबारे कुनै पनि निर्णय गर्न सकेन ।

कांग्रेस प्रचार प्रसार उपसमिति संयोजक मीनबहादुर विश्वकर्माका अनुसार एउटै निर्णय भएको छ, महासमितिमा प्राप्त सुझावहरुका आधारमा केन्द्रीय कार्यसमितिले परिमार्जनसहित अन्तिम रुप दिने गरी तीन वटै प्रस्ताव पारित गर्ने ।

७ फागुनमा सुरु भएको महासमिति बैठकमा उपसभापति पूर्णबहादुर खड्काले नीति, महामन्त्री गगनकुमार थापाले सांगठनिक र अर्का महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक राजनीतिक प्रस्ताव पेश गरेका थिए ।




### गठबन्धनको बहसले अरू विषय छायाँमा

तीनवटै प्रतिवेदन ३ फागुनमा बसेको केन्द्रीय कार्यसमिति बैठकमै पेश भएको थियो । दुई दिनसम्म भएको छलफलमा आएका सुझावका आधारमा परिमार्जनसहित अन्तिम रुप दिने निर्णय भयो । तर संस्थापन पक्षका नेताहरुले भविष्यमा चुनावी गठबन्धन नगर्ने संकल्प गर्ने महामन्त्री थापाको प्रस्तावमा आपत्ति जनाए ।

यो विषय यति पेचिलो बन्यो कि महासमिति बैठक उद्घाटन भइसक्दा पनि सांगठनिक प्रतिवेदन टुंगिन सकेन । महासमिति उद्घाटनकै क्रममा देउवा स्वयंले चुनावी गठबन्धन गर्ने कि नगर्ने परिस्थिति हेरेर निर्णय गर्ने विषय भएको बताएका थिए । तर महामन्त्री थापाले अडान नछाडेपछि केन्द्रीय कार्यसमितिमा मतदान गर्ने निर्णय समेत भएको थियो । तर भविष्यमा चुनावी गठबन्धन नगर्ने भन्नुको साटो एक्लै चुनाव लड्छौं भन्ने भाषामा सहमति जुट्यो ।

८ फागुनमा त्यही प्रतिवेदन महामन्त्री थापाले महासमितिमा पेश गरे । तर समूहगत छलफलअघि संस्थापन पक्षका नेताहरुले महामन्त्री थापाको प्रस्तावको विपक्षमा मत बनाउन जोड लगाए । थापा पक्षका नेताहरुले पनि त्यसको प्रतिवादमा समय खर्चिएपछि सदस्यता, नेतृत्व चयन प्रणाली, उम्मेदवार छनोट विधि (प्राइमरी इलेक्सन) लगायतका २० बुँदे सांगठनिक सुधारको कार्ययोजनमा छलफल नै भएन ।

बिहीबार समूहगत छलफलको निष्कर्ष प्रस्तुत गर्ने क्रममा एउटा समूहले गठबन्धनबारे पछि निर्णय गर्नुपर्ने मत आएको बतायो भने अर्को समूहले गठबन्धन गर्नुहुन्न भन्ने मत बलियो भएको बतायो ।

एउटा समूह यसबारे मौन बस्यो भने चौथो समूहका नेता इन्द्र बानियाँले गठबन्धनबारे पछि निर्णय गर्नुपर्ने मत आएको भन्दा समूहगत छलफलमा भन्दा फरक निष्कर्ष प्रस्तुत गरेको भन्दै हुटिङ नै भयो । समापन समारोहअघि गोदावरीमा पदाधिकारी र पूर्वपदाधिकारीहरुको बैठक बसेको थियो, तर देउवा गठबन्धनबारे प्रष्ट निर्णय नगर्ने मुड बनाएर आएका सहभागी एक नेताले थिए । त्यसैले आएका सुझावका आधारमा केन्द्रीय कार्यसमितिले परिमार्जन गर्ने गरी तीनवटै प्रतिवेदन पास गर्ने निर्णय सर्वसम्मत रुपमा भएको ती नेताले बताए ।

महासमितिको बैठक उद्घाटनका क्रममा सभापति देउवा स्वयंले संविधान संशोधनको विषय प्रवेश गराएका थिए । संविधान कार्यान्वयनको समीक्षा गर्ने र कार्यान्वयनका क्रममा देखा परेका समस्या, जटिलता वा अस्पष्टताको पहिचान गर्ने समय भएको भन्दै उनले भनेका थिए, 'संविधानले व्यवस्था गरेको शासकीय स्वरुप र मूलभूत विषयमा प्रतिकुल प्रभाव नहुने गरी संविधान संशोधन गर्न सकिने गरी अब छलफल प्रारम्भ गर्नुपर्दछ ।'

उपसभापति खड्काको नीति प्रतिवेदनमा पनि संविधान संशोधनको विषय उल्लेख थियो भने महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक राजनीतिक प्रस्तावमा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र सांसदको कार्यकाल तोक्ने प्रस्ताव थियो । पछिल्लो समय कांग्रेसमा निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने बहस पनि सुरु भएको थियो ।

तर न महासमिति बैठकमा यो विषयमा प्राथमिकताका साथ छलफल भयो, न संविधान संशोधनको विषयलाई कसरी अगाडि बढाउन खोजेको हो भनेर बाटो देखाएको छ ।

बरु समापन समारोहमा सनातन हिन्दु राष्ट्रको पक्षमा अभियान चलाएका केन्द्रीय सदस्यलाई बोल्न दिइयो भने धर्म निरपेक्षताको विषयमा कुनै फरक निर्णय गर्न हुन्न भनेर आदिवासी जनजाति समुदायको तर्फबाट ज्ञापनपत्र बुझ्ने काम भयो । एक नेता भन्छन्, 'कांग्रेसले संविधान संशोधनको अगुवाई गर्ने भनिएको छ, तर कुन विषय प्रष्ट भएन । जता हुनसक्ने भयो ।'

महासमिति बैठकले सरकार सञ्चालन र सुशासन जस्ता मुद्दामा पनि प्रष्ट निर्णय गर्न सकेन । स्थानीय, प्रदेश र केन्द्र सबै तहको सरकारमा कांग्रेस छ, तर सरकारले प्रभावकारी काम गर्न नसकेको भनेर पार्टीमै चर्को असन्तुष्टि छ । 'जनताले सबभन्दा बढी उठाएको भ्रष्टाचार नियन्त्रण, सुशासन जस्ता मुद्दामा जनताले चाहे जस्तो देखिने र सुनिने निर्णय गर्न सकिन्थ्यो' कांग्रेसका एक पदाधिकारी भन्छन्, 'यो विषय नेतृत्वको प्राथमिकतामै परेन ।'

नेताहरुका अनुसार सभापति देउवाको ध्यान प्रधानमन्त्री पदमा कुनै असर नहोस् भन्नेमा मात्र गयो । उपसभापति पूर्णबहादुर खड्का र कृष्ण सिटौलाको पनि ध्यान पार्टीको महासमितिबाट हुने निर्णयले गठबन्धनमा कुनै असर नगरोस् भन्नेमा थियो ।

किनकी खड्का सरकारमा पार्टीको नेतृत्व गरिरहेका छन् भने राष्ट्रियसभा सदस्य बनेका सिटौला माओवादीको साथ लिएर अध्यक्ष हुन चाहन्छन् । महामन्त्रीद्वय थापा र शर्मा भने आसन्न महाधिवेशनलाई हेरेर आफ्नो प्रभाव कसरी विस्तार गर्न सकिन्छ भन्नेमा बढी ध्यान दिँदा महासमिति बैठक छलफलमा मात्र सीमित भएको एक नेताले बताए । 'हाम्रो पार्टीभित्र जस्तो कचपच थियो, त्यो जस्ताको तस्तै रहृयो' एक केन्द्रीय नेता भन्छन्, 'थाकेको नेतृत्वलाई व्यक्तिगत पद र प्रतिष्ठाबाहेक अरु विषयको रुचि भएन । महामन्त्रीहरुको ध्यान आगामी महाधिवेशनतिर धेरै भयो । जसले गर्दा यो महासमिति बैठकले कांग्रेस पार्टीलाई कुनै डिरेक्सन दिन सकेन ।'

### समापनमै नेताहरूको जुहारी

महासमिति बैठकको समापन समारोहमा पनि कांग्रेसको अलमल प्रष्ट देखिएको थियो । समापनमा पदाधिकारीहरुका साथै पूर्व पदाधिकारीहरुलाई ५-५ मिनेट बोल्न दिइएको थियो । नेताहरुले एउटै सन्देश दिएर पार्टी कार्यकर्तामा ऊर्जा भर्नुका साटो आआफ्नो मत राखे । कतिसम्म भने पदाधिकारीहरुले आफनो अनुकुल महासमितिको निर्णयको व्याख्या र प्रतिवाद गरे ।

महामन्त्री विश्वप्रकाश शर्माले प्राइमरी इलेक्सनलाई पाइलट प्रोजेक्टका रुपमा कार्यान्वयन गर्ने र कार्यकाल तोक्ने आफ्नो प्रस्ताव पास भएको दाबी गरे । उनले भने, 'आगामी दिनमा नेपाली कांग्रेसको तर्फबाट कुनै पनि उम्मेदवार उठाउँदा त्यही भूगोलका साथीहरुले छनोट गर्न पाउने गरी प्राइमरीको पद्धतिलाई पाइलट प्रोजेक्टका रुपमा लिएर जाने निर्णय गरेका छौं ।'

निर्वाचित भएर शासनमा पुगेकाहरुले कसले कति पटकसम्म नेतृत्व गर्ने भन्ने समस्या रहेको भन्दै उनले एक्जिट पोलिसीबारे पनि महासमितिले निर्णय गरेको बताए । '१/२/३/४ भनेर निर्णय गरेको छ' उनले भने, 'देश दुनियाँलाई हामी सगौरव जानकारी चाहन्छौं, यो देशको कसैले पनि राष्ट्रपतिमा शपथ ग्रहण एक पटकभन्दा दोहोऱ्याएर गर्ने छैन । प्रधानमन्त्री पदको शपथ ग्रहण कसैले पनि दुईपटक भन्दा गर्ने छैन । मन्त्रीको सपथ तीन पटकभन्दा बढी गर्ने छैन । कसैले पनि सांसदको सपथ चार पटकभन्दा बढी गर्ने छैन ।'

'कांग्रेस महासमितिबाट पारित गरेको यो विषयलाई आफूले अबलम्बन गर्ने छ र देशको संविधानमा अंकित गर्न प्रस्ताव गरेर जाने छ' पोडियमबाट महामन्त्री शर्माले यसो भनिरहँदा मञ्चमा रहेका सभापति देउवाले भने अनुहार बिगारेका थिए ।

केहीबेरमा उपसभापति खड्काले त्यसको खण्डन गरे । 'महासमितिबाट आएका सुझावहरुलाई समावेश गरेर केन्द्रीय कार्यसमितिले सबै प्रस्तावलाई अन्तिम टुंगो लगाउने एउटा मात्र निर्णय गरेका छौं', विश्वप्रकाशतर्फ संकेत गर्दै उनले भने, 'यो बाहेक अरु कुनै निर्णय भएका छैन, यो कुरा प्रष्ट पार्न चाहन्छु ।'

महासमिति बैठक समापनका क्रममा महामन्त्री गगन थापा र उपसभापति धनराज गुरुङले ०४६ साल पछाडि सार्वजनिक पदमा बसेका मानिसहरुको सम्पत्ति छानबिन गर्ने कानुन यही अधिवेशनबाट बनाउन कांग्रेसले पहल लिनुपर्ने बताए ।

महामन्त्री थापाले त काम गर्न नसकेका मन्त्रीलाई विश्राम दिनुपर्ने र दाग लागेका मन्त्रीहरुलाई घर पठाउनुपर्ने बताए । 'कतिपय ठाउँमा दाग लगेको छ, दाग पुच्न ऐन पुछेर हुँदैन । दाग हामीले मेटाउनुपर्छ', उनले अगाडि भने, 'हाम्रो घरलाई ठीक बनाइसकेपछि बलियोसँग उभिएको कांग्रेसले नेताका नाममा सहकारी ठग्नेलाई ठीक ठाउँमा ल्याउँछ । जग्गा, नागरिकता कीर्ते गर्नेलाई ठीक ठाउँमा ल्याउँछ ।'

तर केन्द्र सरकारमा पार्टीको नेतृत्व गरेका उपसभापति पूर्णबहादुर खड्काले महामन्त्रीको प्रतिवाद गरे । 'हामी ९ जनाले सरकारमा गएको दिनदेखि आजसम्म पार्टीका साथीहरुले शिर झुकाउनुपर्ने नुरु गिराउनुपर्ने गलत काम केही पनि गरेका छैनौं', उनले भने, 'बरु हामीले सुशासन ल्याउन, भ्रष्टाचार नियन्त्रण गर्न, दैनिक सेवामा ठूलो परिवर्तन ल्याउन प्रत्यन्न गरेका छौं ।'

महामन्त्री थापाले कांग्रेस एक्लै बनाउन सकिन्छ भन्ने आत्मविश्वास बोकेर जान नेताहरुलाई आग्रह गरे । पार्टीको विचार र नेता-कार्यकर्तामाथि विश्वास रहेको भन्दै उनले भने, 'अबको ४ वर्षभित्र कम्तीमा १२ लाख नयाँ समर्थक थपेर नेपाली कांग्रेसको इतिहासमा सबभन्दा मत प्राप्त गरेको पार्टी कांग्रेस एक्लै बन्नसक्छ, बनाउन सकिन्छ, त्यो आत्मविश्वास बोकेर यो हलबाट बाहिर जाने हो ।'

यसमा भने महामन्त्री थापालाई उपसभापति खड्कासँगै सभापति देउवाले जवाफ दिएका छन् । समापन समारोहमा लिलित सम्बोधन पढेका सभापति देउवाले भने, 'वर्तमान गठबन्धन सरकारको प्रमुख घटकको रुपमा मुलुकमा सुशासन, विकास समृद्धि ल्याउन सरकारलाई निरन्तर सहयोग गर्नु हाम्रो मुख्य दायित्व हो ।'

*(स्रोत: अनलाइनखबर)*

'गोर्खा वारियर' प्रिमियर :

# केपी ओलीले भने- 'फिल्मले भावुक बनाउँछ'

काठमाडौं/मिलन चाम्स निर्देशित फिल्म 'गोर्खा वारियर'ले सार्वजनिक प्रदर्शनभन्दा अगावै एउटा गर्विलो इतिहास रचिसकेको छ । यस वर्षको भदौमा लण्डनस्थित विश्वकै प्रतिष्ठित मानिने 'आइम्याक्स सिनेवर्ल्ड'मा फिल्मको प्रिमियर गरिएको थियो । यो हलमा प्रिमियर हुने 'गोर्खा वारियर' पहिलो नेपाली फिल्म हो । त्यसबेला ब्रिटिस प्रधानमन्त्री ऋषि सुनकले समेत फिल्मलाई शुभकामना दिएका थिए ।




बेलायतपछि निर्देशक चाम्सले नेपालमा मात्र तीन ठाउँमा प्रिमियर गरिसकेका छन् । फागुन ५ गते धरान, फागुन ७ गते पोखरा र बुधबार साँझ काठमाडौंको बिग मुभिजमा प्रिमियर आयोजना गरिएको थियो । काठमाडौं प्रिमियरलाई विशेष बनाउन मिलनले कुनै कसर बाँकी छाडेका थिएनन् । सम्भवत: यो शैलीको भव्यता र तामझाममा नेपालमै पहिलोपटक प्रिमियर आयोजना गरिएको हो ।

प्रिमियरमा शीर्षस्थ नेतादेखि विभिन्न देशका राजदूतहरुसम्मको उपस्थिति रहेको थियो । फिल्म हेरिसकेपछि पूर्व प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीले फिल्म मनछुने बनेको बताउँदै नेपालको इतिहासको एउटा कालखण्डलाई सम्झाउने बताए । फिल्मको कथा, अभिनय र प्रस्तुति पनि प्रभावकारी रहेको उनको भनाई थियो । फिल्मले भावुक बनाउने पनि उनले उल्लेख गरे ।

उनले भने- 'हाम्रो एउटा इतिहासको पानासँग जोडिएको फिल्म रहेछ । यसले हाम्रो इतिहासको एउटा कालखण्डलाई सम्झाउँछ । फिल्म मनछुने छ । कहिले कहिले भावुक बनाउँछ । एकातिर लडाइँ गर्दागर्दै अर्कोतिर मानवीय भावनाबाट पनि प्रेरित छ । फिल्म हेर्न थालेपछि सकिएको थाहा नै हुन्न ।' गोर्खाली सैनिक वास्तवमै बहादुर हुन्छन् भन्ने कुरा फिल्मले देखाएको उनको भनाई थियो ।

अभिनेता हरिवंश आचार्यले फिल्ममा गोर्खालीहरुको वीरताको कथा भनिएको र त्यो कथाभित्रको वेदना र छट्पटाहटलाई मनछुने ढंगले पस्किएको भन्दै प्रशंसा गरे । उनले मेकिङ राम्रो रहेको बताउँदै भने- 'फिल्मको टिमले असाध्धै मिहिनेत गर्नुभएको छ । यतिधेरै मिहिनेत गरिएको यो पहिलो नेपाली फिल्म होला । यो अरु फिल्मसँग तुलना गर्नै मिल्दैन । यो आफ्नै परिवेशको कथा हो ।'

त्यस्तै, पर्यटनमन्त्री सुदन किराँतीले फिल्म हेर्दा आफूले युद्धमा शहिद भएका हजुरबुबा र बुबालाई सम्झिएको स्मरण गरे । 'फिल्म हेर्दा मैले हजुरबुबा र बुबालाई सम्झिएँ । उहाँहरु पनि लडाईंमै वित्नुभएको थियो । फिल्म हेर्दा मेरो बुबा जिउँदो हुनुभएको जस्तो लाग्यो,' उनले भने । यस्तो विषयमा फिल्म बनाउन राज्यको तर्फबाट वातावरण निर्माण हुनुपर्ने पनि मन्त्री किराँतीको धारणा थियो ।

अभिनेता सरोज खनालले अहिले आइरहेका फिल्मभन्दा 'गोर्खा वारियर' निकै पृथक रहेको दाबी गरे । फिल्मले उठाएको कथा धेरै पुरानो नभए पनि धेरै नेपालीलाई थाहा नभएकोले त्यसलाई प्रष्ट रुपमा देखाइएको बताए । हाँस्य कलाकार किरण केसीले भने वीर गोर्खाली किन भनिन्छ भन्ने कुरा फिल्म हेरेपछि आफू प्रष्ट भएको बताउँदै मिलन चाम्सको मिहिनेतको खुलेरै प्रशंसा गरेका थिए ।

प्रिमियरमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्गदेल, एमाले नेता शेरधन राई, पूर्व मुख्यमन्त्री हिक्मत कार्की, राप्रपा नेता तथा सांसद् ज्ञानेन्द्र शाहीसहित निर्देशकहरु ज्ञानेन्द्र देउजा, दीवाकर भट्टराई, अभिनेता राज कटुवाल, मोडल गरिमा शर्मा लगायतको पनि उपस्थिति थियो । प्रिमियर समारोहमा पूर्वप्रधानमन्त्री ओलीले फिल्मका अभिनेता विजय लामालाई 'वारियर सम्मान' समेत प्रदान गरेका थिए ।

प्रिमियरमा सकारात्मक प्रतिक्रिया प्राप्त भएपछि हर्षित देखिएका निर्देशक चाम्सले 'गोर्खा वारियर' एउटा 'डकुमेन्टेसन' रहेको दाबी गरे । 'फिल्मको तारिफ हुँदा ठूलो उर्जा मिलेको छ । यो गोर्खा सैनिकको 'डकुमेन्टेसन' हो । अब गौतमबुद्ध, सगरमाथाको बारेमा भिजुअलमार्फत् 'डकुमेन्टेसन' हुनुपर्छ,' उनले भने । यही शुक्रबार अर्थात् फागुन ११ गतेबाट 'गोर्खा वारियर' प्रदर्शनमा आउँदैछ ।

*(स्रोत: फिल्मीखबर)*

# दीपेन्द्रले थाले 'मेयर'को छायांकन, खगेन्द्र बने भरत थापा

काठमाडौं/निर्देशक दीपेन्द्र के. खनालले नयाँ फिल्म 'मेयर'को छायांकन सुरु गरेका छन् । बिहीबार लैनचौरको एक होटलमा अख्तियार सामु मेयर पात्रले दिएको स्पष्टीकरणको दृश्य खिच्दै छायांकन सुरु गरिएको हो । अभिनेताद्वय खगेन्द्र लामिछाने र टीका पहारीले पहिलो सट दिए । फिल्ममा खगेन्द्र मेयरको भूमिकामा देखिँदैछन् । छायांकन सेटबाट प्राप्त तस्वीरमा उनी चश्मा लगाएर देखिएका छन् ।





बिहीबार काठमाडौंको छायांकन सकाएर शुक्रबार सर्लाही जाने तयारीमा निर्माण टिम छ । सर्लाहीस्थित बागमती नगरपालिकाका मेयर भरत कुमार थापाको जीवन संघर्षमा आधारित भएर फिल्म बन्न लागेकाले बागमतीमै सम्पूर्ण छायांकन हुनेछ । फागुन १२ गते बागमती नगरपालिकाले शैक्षिक महोत्सवका साथै सांस्कृतिक कार्यक्रम गर्दैछ । सर्लाहीमा फिल्मको पहिलो सिन त्यहीँ खिचिनेछ ।

फिल्ममा खगेन्द्रले मेयर थापाको भूमिका निर्वाह गर्दैछन् । त्यसका लागि गत महिना उनले बागमतीमै बसेर मेयर थापाको स्वभाव, आनीबानी, कार्यशैली, व्यक्तित्वको बारेमा अध्ययन गरेका थिए । यो फिल्ममा उनको अपोजिटमा अभिनेत्री वर्षा राउतले अभिनय गर्दैछन् । पटकथा प्रडक्शनको ब्यानरमा बन्न लागेको फिल्ममा महेश दवाडीको पटकथा छ भने कृष्ण बहादुर थापाले खिच्नेछन् ।

फिल्ममा अर्पण थापा, अनुप बराल, दिव्यदेव, हरिहर शर्मा, रवीन्द्र झा, प्रकाश घिमिरे, रमेश बुढाथोकी, सञ्जोग रसाइली, आशान्त शर्मा, प्रभाकर न्यौपाने, झकेन बिसी लगायतको पनि अभिनय रहनेछ । यो फिल्मबाट मेयर थापाकी छोरी अर्विशा थापाले डेब्यू गर्दैछिन् । निर्देशक खनालकी छोरी श्रृष्टिमाँ खनाल र शर्मिला पाण्डे निर्माता रहेको फिल्मका कार्यकारी निर्माता दीपेन्द्र स्वयं हुन् ।

# बंगलादेशसँग विद्युत् बिक्री दरमा सहमति भएन

काठमाडौं/नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ नेतृत्वको टोलीले विद्युत् बिक्रीको दर तय गर्न बंगलादेशको पावर डेभलपमेन्ट बोर्डसँग वार्ता गरेको वार्तामा सहमति जुट्न सकेन । बिहीबार बंगलादेश राजधानी ढाकामा दुई निकायबीच ४० मेगावाट विद्युत् बिक्रीका लागि दर तय गर्न व्यापार वार्ता भएको थियो ।

दुई पक्षबीच सकारात्मक दिशामा वार्ता भए पनि दरमा सहमति भने हुन नसकेको नेपाल विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक प्रदीप थिकेले संचारकर्मीलाई जानकारी दिए । बंगलादेशको बोर्डले नेपालबाट विद्युत् खरिदका लागि प्रतिस्पर्धात्मक टेन्डर आह्वान गरेको थियो । नेपालबाट विद्युत् निर्यात अनुमति प्राधिकरणलाई मात्रै भएकाले त्यसमा उसको मात्रै प्रस्ताव परेको थियो । प्राधिकरणले बंगलादेशलाई प्रतियुनिट ७ अमेरिकी सेन्ट हाराहारी विद्युत् निर्यात प्रस्ताव गरेको थियो ।

तर, त्यो दरलाई कम गर्नुपर्ने प्रस्ताव बंगलादेशले गऱ्यो । 'हामीले कोट गरेको दर 'नन-नेगोसियटेड' हो भनेर हामीले भन्यौं, तर उनीहरुले यसमा विचार गरि दिनुपऱ्यो भने,' उपकार्यकारी निर्देशक थिकेले बताए ।

बैठकमा प्राधिकरणले भारत निर्यात गरिरहेको दरभन्दा कममा भने विद्युत् निर्यात गर्न नसक्ने अडान राखेको उनले जानकारी दिए । पछिल्लो समय भारतमा ५ रुपैयाँ २५ पैसा भारतीय रुपैयाँ (८ रुपैयाँ ५० पैसा) का दरले २ सय मेगावाट विद्युत् निर्यात गर्ने सम्झौता भएको छ ।

'हामीले भारत निर्यातमा लिएको दर भन्दा कम भने नहुने गरी आफ्नो बटमलाइन बताएका छौं,' थिकेले भने, 'त्यसमा उहाँहरु सकारात्मक हुनुहुन्छ । यस विषयमा उच्च सरकारी अधिकारीहरुसँग छलफल गरेर हामीलाई थप जानकारी गराउने बताउनुभएको छ ।' मध्यकालीन रुपमा पनि भारत निर्यात गरिरहेको दरमा विद्युत् उपलब्ध गराउन प्राधिकरण तयार रहेको पनि बंगलादेशलाई बताएको थिकेले बताए ।

२३ मेगावाटको त्रिशूली र १९ मेगावाटको तल्लो मोदी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् बंगलादेशलाई बिक्री गर्ने प्राधिकरणले जनाएको छ । यसअघि बंगलादेशले नेपालबाट ४० मेगावाट विद्युत् आयात गर्ने निर्णय गरेको थियो । गत २० मंसिरमा बंगलादेशका अर्थमन्त्री मुस्तफा कमलको नेतृत्वको मन्त्रिपरिषद्को आर्थिक मामिला समितिले ४० मेगावाट विद्युत् आयात गर्ने बंगलादेश पावर डेभलपमेन्ट बोर्डको प्रस्ताव स्वीकृत गरेको थियो ।

अबको केही सातामै बिक्री दरका विषयमा निर्णय गरी दुईपक्षीय सम्झौता गर्ने आश्वासन बंगलादेशी प्रतिनिधिहरुले दिएको पनि थिकेले बताए । 'सम्झौताका अन्य विषयहरु पहिल्यै टुंगिसकेका छन् । त्यसअनुसारको मस्यौदा पनि आदानप्रदान भइसकेको छ, दरको विषय टुंगो लाग्नेबित्तिकै सम्झौता हुन्छ,' उनले भने ।

बोर्ड र नेपाल विद्युत् प्राधिकरणबीच विद्युत् खरिद दरमा सहमति गरेपछि त्यसलाई त्यहाँको मन्त्रिपरिषद्को सरकारी खरिद कमिटीले स्वीकृत गर्नुपर्ने हुन्छ । आउने बर्खादेखि नेपालबाट बंगलादेश विद्युत् निर्यात हुन सक्ने अपेक्षा छ । बर्खामा नेपालमा विद्युत् उपलब्धता धेरै हुन्छ भने बंगलादेशमा माग धेरै हुन्छ ।

नेपालबाट बंगलादेश विद्युत् निर्यात गर्न भारतको प्रसारण लाइन प्रयोग गर्नुपर्ने हुन्छ । भारतले आफ्नो प्रसारणलाइन हुँदै नेपाललाई विद्युत् निर्यात गर्न दिन सहमति पनि जनाइसकेको छ । त्यसका लागि भारत-नेपाल-बंगलादेशबीच त्रिपक्षीय सम्झौता गर्ने तयारी भइरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# अन्तर्राष्ट्रिय फुटबलमा सावित्राको ५० गोल पूरा

काठमाडौं/नेपाली राष्ट्रिय महिला टिमकी फरवार्ड सावित्रा भण्डारी साम्बाले अन्तर्राष्ट्रिय फुटबलमा ५० गोल पूरा गरेकी छन् । साउदी अरेबियामा जारी वाफ वुमेन्स च्याम्पियनसिप अन्तर्गत आज इराक विरुद्धको खेलमा ५ गोल गर्दै सावित्राले उक्त कोशेढुंगा पूरा गरेकी हुन् ।

इराक विरुद्ध ५-० को जितमा साविधाले पाँचै गोल गरिन् । यसअघि वाफ च्याम्पियनसिपको पहिलो खेलमा उनले सिरिया विरुद्ध ४-१ को जितमा १ गोल मात्र गरेकी थिइन् । दुई खेलमा ६ गोल गरेपछि उनी अन्तर्राष्ट्रिय फुटबलमा ५० गोल नेपाली खेलाडीको रुपमा इतिहास रचिन् ।

गोल मेसिनको उपनामले परिचित साम्बाले सन् २०१४ मा पाकिस्तानमा भएको साफ महिला च्याम्पियनसिपमा भुटान विरुद्धको खेलमा डेब्यु गोल गरेकी थिइन् । उनको ५०औं गोल इराक विरुद्ध रहृयो । सावित्राले साफ च्याम्पियनसिप सँगै, दक्षिण एसियाली खेलुकद साग, ओलम्पिक छनोट प्रतियोगिता, हिरो वुमन्स गोल्डकप, नादेज्दा गोल्डकप र अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा गोल गरेकी छन् ।

उनले चार पटक साफ च्याम्पियनसिप खेल्दा १९ गोल गरेकी छन् । यस्तै दुई दक्षिण एसियाली खेलकुद (साग) खेल्दा ५ गोल गरेकी छन् । ओलम्पिक छनोट दुई पटक खेल्दा साम्बाले ४ गोल गरेकी छन् । यसैगरी २०१९ मा भारतमा भएको हिरो गोल्डकपमा ४ गोल गरेकी उनले सोही वर्ष कीर्गिस्तानमा भएको नादेज्ददा गोल्डकपमा ७ गोल गरिन् ।

यस बाहेक उनले मैत्रीपूर्ण खेलमा ५ गोल गरेकी छन् । जसमा मलेसियाविरुद्ध २, भारत विरुद्ध २ र बंगलादेश विरुद्ध १ गोल छ । साम्बाले सबैभन्दा धेरै भुटान विरुद्ध ९ गोल गरेकी छन् । त्यसपछि माल्दिभ्स विरुद्ध ७ गोल गरेकी छन् ।

इराक विरुद्धको ह्याट्रिक साम्बाको करियरको पाँचौ ह्याट्रिक हो । यसअघि उनले माल्दिभ्स विरुद्ध दुई पटक तथा भुटान र कीर्गिस्तान विरुद्ध समान एक पटक ह्याट्रिक गरेकी छन् । उनले सन् २०१६ मा भारतमा भएको साफ वुमन्स च्याम्पियन्सिपमा पहिलो ह्याट्रिक गर्दा नै भुटान विरुद्ध एकै खेलमा ६ गोल अर्थात डबल ह्याट्रिक गरेकी थिइन् । त्यही साफमा उनले माल्दिभ्स विरुद्ध ह्याट्रिकसहित ५ गोल गरेकी थिइन् ।

# निर्माता भगनानीसँग रकुलले गरिन् विवाह

काठमाडौं/बलिउड अभिनेत्री रकुल प्रीत सिंह र निर्माता तथा अभिनेता ज्याकी भगनानीले तीन वर्ष लामो प्रेम सम्बन्धलाई विवाहमा परिणत गरेका छन् । बुधबार साउथ गोवास्थित आईटीसी ग्राण्ड होटलमा उनीहरुको विवाह भएको हो । रकुल र ज्याकीले विवाहका केही तस्वीरहरु आ-आफ्नो सामाजिक सञ्जालमार्फत् सार्वजनिक गर्दै सधैंका लागि एकअर्काको हुन पाएकोमा खुसी व्यक्त गरेका छन् ।

विवाहमा रकुलले पेस्टल पिंक शेडको लेहंगा लगाएकी थिइन् भने ज्याकी क्रिम कलरको शेरवानीमा ठाटिएका थिए । यो जोडीको विवाहमा शाहिद कपूर, आयुष्मान खुराना, शिल्पा शेट्टी, भूमि पेडनेकर, अनन्या पाण्डे, समीक्षा पेडनेकर, ताहिरा कश्यप जस्ता सेलिब्रेटीहरुको उपस्थिति थियो । संगीत सेरोमनीमा शिल्पाले श्रीमान् राज कुन्द्रासँग एउटा गीतमा नृत्य समेत प्रस्तुत गरेकी थिइन् । रकुलले सन् २०१४ मा आएको फिल्म 'यारियाँ'बाट बलिउडमा डेब्यू गरेकी थिइन् । उनको अभिनय करिअरको सुरुवात भने कन्नड फिल्म 'गिल्ली'बाट भएको थियो । त्यस्तै, ज्याकीले फिल्म 'कल किसने देखा'बाट अभिनय करिअर थालेका थिए । यसपछि उनले केही फिल्ममा काम गरे पनि कुनै चलेनन् । अहिले उनी फिल्म निर्माणमा सक्रिय छन् । उनी निर्माता वाशु भगनानीका छोरा हुन् ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# हिउँ र लालीगुराँसले सजिएको सीमभञ्ज्याङ






लालीगुराँसले सजिएको मकवानपुरको प्रमुख पर्यटकीय क्षेत्र सीमभञ्ज्याङ बिहीवार हिउँ परेपछि थप आकर्षक बनेको छ । सीमभञ्ज्याङमा दुई वर्षपछि बिहीवार अपरान्ह बाक्लो हिमपात भएको छ । लालीगुराँस फूलेर राताम्मे डाँडाले लोभ्याईरहँदा हिउँले आन्तरिक पर्यटकलाई स्वागत गरेको हो । सीमभञ्ज्याङमा हिउँ परेसँगै चिसोले जनजीवन कष्टकर बनेको स्थानीय अमित पाख्रिनले बताए । सीमभञ्ज्याङमा खेल्न मिल्ने गरी हिउँ परेको उनले बताए । हिउँ परेपछि हरेक वर्ष मकवानपुरसहित सर्लाही, बारा, पर्सा, रौतहटदेखि चितवनसम्मका पर्यटक घुम्न सीमभञ्ज्याङ आउने गरेका छन् ।

भीमफेदी गाउँपालिकाको अघोर बजारदेखि सीमभञ्ज्याङसम्मको डाँडा लालीगुराँस फूलेर राताम्मे बनेका छन् । समुन्द्री सतहबाट २४८८ मिटरको उचाईमा रहेको सीमभञ्ज्याङ यतिबेला हिउँ र लालीगुराँसले सजिएको छ । मकवानपुरे फोटो पत्रकार गणेश विष्टले वर्षकै पहिलो हिउँ परेकाले सीमभञ्ज्याङ पर्यटकको पखाईमा रहेको बताए । सीमभञ्ज्याङमा दुई वर्षअघि बाक्लो हिमपात भएको थाहा नगरपालिकाको सूचना अधिकारी सुरजकुमार भुजेलले जानकारी दिए । हरेक वर्ष हिउँदमा सेताम्मे हुने गरेको सीमभञ्ज्याङमा अघिल्लो वर्ष बाक्लो तुसारो मात्रै परेको उनको भनाई छ । १५ माघ २०७३ मा यहाँ ६ इञ्च बाक्लो हिमपात भएको थियो । सीमभञ्ज्याङमा बाक्लो हिमपातसँगै सडक यात्रा कष्टकर बनेको छ ।

**त्रिभुवन राजपथ अवरुद्ध**

सीमभञ्ज्याङमा परेको हिमपातका कारण त्रिभुवन राजपथमा यातायात अवरुद्ध भएको छ । थाहा नगरपालिका वडा नम्बर-४ को पानोरमा रिसोर्टको मोड नजिकैबाट सीभञ्ज्याङतर्फको खण्डमा हिउँ जमेका कारण सडक अवरुद्ध रहेको स्थानीय होटल व्यवसायी अमित पाख्रिनले जानकारी दिए । पाख्रिनका अनुसार त्रिभुवन राजपथअन्तर्गत भीमफेदी गाउँपालिकाको लेकाली बसिफाँट स्कूलको मोड नजिकैबाट सीमभञ्ज्याङतर्फ हिउँका कारण सवारी आवागमनका समस्या भएको हो । हिउँ पर्न रोकिएपनि रातको समयमा चिसो बढेका कारण हिउँ सडकमै जमेको छ । त्रिभुवन राजपथको सीमभञ्ज्याङ सडक खण्डमा हालसम्म कुनै पनि सवारी जाम भने नरहेको इलाका प्रहरी कार्यालय पालुङले जानकारी दिएको छ । सवारी साधनको चाप कम हुने भएकोले पनि हाल समस्या नभएको प्रहरीले जनाएको छ ।

# शिवम्को लापरबाहीबारे संसदमा आवाज उठ्यो

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ नेकपा एमालेका सचेतक तथा मकवानपुरका प्रतिनिधिसभा सदस्य महेश बर्तौलाले मकवानपुरगढी गाउँपालिकामा शिवम् सिमेन्ट उद्योगले अव्यवस्थित ढंगबाट खानी सञ्चालन गर्दा मानवीय बस्तीमा जोखिम बढेको बताएका छन् ।

बिहीवार प्रतिनिधिसभा बैठकमा उनले शिवम् सिमेन्टको मकवानपुरगढी-७, सुकौरास्थित खोटार र वडा नम्बर-८ मा सञ्चालित खानीले ओभरबर्डन सामरी खोलामा फ्याँक्दा सुकौरा, डुम्रेकुना, धमिले, झल्ला, चौकीटोल लगायत क्षेत्रको मानववस्ती, खेतीयोग्य जमिन, विद्यालय, खानेपानीको मुहानमा असर पुर्‍याउने भन्दै संसद्को ध्यानाकर्षण गराए । उनले आफ्नो निर्वाचन क्षेत्रमा सञ्चालित शिवम् सिमेन्टको खानीले आफ्नो निर्वाचन क्षेत्रका जनता जोखिममा परेको भन्दै खानी अध्ययन गरेर समस्या समाधानका लागि संसदीय छानबीन समिति बनाउनसमेत माग गरेका छन् ।

देशभरका सिमेन्ट उद्योगको खानीले पुर्‍याएको समस्या अध्ययन हुनुपर्ने उनको भनाई छ । मकवानपुरगढी गाउँपालिकाको खोटारमा शिवम् सिमेन्टले खानी सञ्चालन गरिरहेको छ । मापदण्डविपरीत खानी सञ्चालन गरिरहेको उद्योगले आफ्नो खानीबाट निस्किएको ओभरबर्डनलाई अव्यवस्थितढंगबाट जथाभावीरुपमा सामरी खोलामा फाल्दा ठूलो मानववस्ती जोखिममा छ । 'सुकौरा, कुर्ले, डुम्रेकुना, धमिले, झल्ला, धादिङ, चौकीटोल, लालझाडी, चाइनाक्वार्टरलगायत ठूलो मानववस्ती, विद्यालय, खेतीयोग्य जमिनमा संकट उत्पन्न हुने गरी खानी उत्खनन् भइरहेको छ । राजस्वमा समेत गम्भीर चुहावट भएको छ ।', बर्तौलाले भने ।

मक्वानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानको नेतृत्वमा राजनीतिक दलका प्रतिनिधिसहितको टोलीले मंगलबार खानी क्षेत्रको अनुगमन गरेको थियो । खानीमा चुनढुंगा उत्खनन् गर्ने क्रममा मापदण्डविपरीत फालिएको ओभरबर्डनले खोला पुरिएको पाइएको थियो ।

गाउँपालिका अध्यक्ष स्यांतानले उद्योगलाई पटकपटक सचेत गराउँदा पनि अटेर गरेको बताए । ओभरबर्डनलाई उद्योगले सुरक्षित ठाउँमा डम्पिङ गरेर राख्न र रोयल्टी नियमअनुसार पालिकालाई बुझाउन ताकेता गरेको तथा ओभरबर्डन हटाउन उद्योगले अटेर गरेको उनले बताए ।


## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट





**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


# बागमती प्रदेशमा १३ फागुनबाट दादुरा-रुबेला खोप अभियान

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ बागमती प्रदेशमा आगामी १३ फागुनबाट दादुरा-रुबेला खोप अभियान सुरु हुने भएको छ । बागमती प्रदेशका ८ लाख ४८ हजार ३ सय २५ जना बालबालिकालाई खोप लगाउने तयारी भएको हो ।

प्रदेशको काठमाडौं, भक्तपुर, ललितपुर र चितवनमा ९ महिनादेखि १५ वर्षसम्मका बालबालिकालाई खोप लगाइने स्वास्थ्य निर्देशनालयले जानकारी दिएको छ । प्रदेशको अन्य ९ वटा जिल्लामा ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई खोप लगाइने छ । खोप अभियानको आगामी १३ गतेदेखि राष्ट्रिय दादुरा रुवेला खोप अभियान चितवन जिल्लाको ईच्छामनकामना गाउँपालिकाको सर्वशान्ति मावि कुरिनटारबाट बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले उद्घाटन गर्नेछन् ।

मुलुकमा ४ प्रतिशत र बागमती प्रदेशमा ९ प्रतिशत बालबालिकाले एकपटक पनि खोप नलगाएको स्वास्थ्य मन्त्रालय बागमती प्रदेशले जनाएको छ । यसपटकको खोप कार्यक्रममा दादुरा रुवेलासँगै डीपीटी, हेप-बी-हिप चार प्रकारको खोप समावेश गरिएको बागमती प्रदेश स्वास्थ्य निर्देशक दीपक तिवारीले बताए । अभियानमा लगाइने खोपमा ग्रामीणभन्दा सहरी क्षेत्रका बालबालिका छुट्ने गरेकोले सूचना सञ्चारलाई प्रभावकारी बनाउन



तिवारीले आग्रह गरे ।

बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय हेटौंडाको आयोजनामा दादुरा-रुबेला खोप अभियान सम्बन्धी सञ्चार कर्मीसँगको अभिमूखीकरण तथा अन्तरक्रियात्मक गोष्ठीमा स्वास्थ्य मन्त्रालय सचिव बद्रीबहादुर खड्काले खोप अभियानलाई सफल पार्न स्थानीय स्तरदेखि मन्त्रालयतहसम्म समन्वय र सहकार्य हुँदै सबै तयारी सकिएको बताए । खोप छुटको कारण पहिल्याइ पूर्णखोप शतप्रतिशत बनाउने लक्ष्य रहेको खड्काले बताए ।

अभियानमा लगाइने खोपबाट रोग तथा महामारी नियन्त्रण गर्न, अपाङ्गता र मृत्युदरलाई कम गर्न, रोगको निवारण र उन्मुलनको लक्ष्य हासिल गर्न सकिने र दिगोपन कायम राख्न सकिने भएकोले सबैको सहकार्य आवश्यक भएको उनले बताए । नेपालले सन् २०२६ सम्ममा पोलियो रोग उन्मूलन गर्ने लक्ष्य लिएको छ । खोप कार्यक्रमको चुनौती धेरै भएको निर्देशनालयका फोकल पर्सन उत्तमराज प्याकुरेलले बताए । अपेक्षित प्रगति ९५ प्रतिशत रहेको र सबै तहमा एकरुपता नभएको, राष्ट्रियस्तरको तुलनामा प्रादेशिक, प्रदेशको तुलनामा जिल्लाको र जिल्लाको तुलनामा स्थानीय तहको प्रगतिमा एकरुपता नभएको, शून्य खोप तथा ड्रपआउटको सख्या बढ्दै जानुले पनि चुनौती रहेको उनले बताए ।

नेपालमा सन् २०२६ सम्ममा दादुरा, रुबेला रोग निवारण गर्न नेपाल सरकारको प्रतिवद्धता गरेको भए पनि नियमित दादुरा-रुबेला खोपको कभरेज ९५ प्रतिशतभन्दा कम भएकोले अझै लक्ष्य हासिल गर्न चुनौती रहेको उनले बताए । दादुरा-रूबेला खोप अभियान २०७६/७७ पछि गरिएको सर्भेक्षणअनुसार दादुरा-रुवेला खोपको कभरेज ८८ प्रतिशत मात्र रहेको छ । यसपटकको खोप अभियानमा दादुरा रुबेलासँगै डिपिटी-हेप बी-हिव खोपको पनि समाबेश गरिएको उनले जनाए । १५ वर्ष मुनिका १४ प्रतिशत बालबालिकाको मृत्युको कारण न्यूमोनिया रहेको र विगत तीन वर्षमा पिसिभी खोपको कभरेज कम रहेकोले अभियानमा यो समाबेश गरिएको हो ।

गाउँपालिकाको प्रत्येक वडामा एउटा खोपकेन्द्र, नगरपालिकाको प्रत्येक वडामा दुईटा खोपकेन्द्र, उमहानगरपालिकाको प्रत्येक वडामा तीनवटा खोपकेन्द्र र महानगरको प्रत्येक वडामा चारवटा खोपकेन्द्र थप गरिएको छ । कार्यक्रममा स्वास्थ्य कार्यालय मकवानपुर प्रमुख कृष्णबहादुर मिजार, युनिसेफका तापक्रम विशेषज्ञ हेमराज जोशी, विश्व स्वास्थ्य संगठनका सर्भिलेन्स मेडिकल अफिसर डा. सस्मृता बास्तोला लगायतले खोप अभियानको तयारीबारे जानकारी गराएका थिए ।

# सन्दीप लामिछानेलाई जेलबाहिर बसेर मुद्दा लड्न अनुमति

काठमाडौं, १० फागुन/ बलात्कार मुद्दामा दोषी ठहर भएका क्रिकेटर सन्दीप लामिछानेले जेलबाहिरै बसेर मुद्दा लड्न पाउने भएका छन् । बिहीबार उच्च अदालत पाटनका रजिष्ट्रार मानबहादुर कार्कीले सन्दीपलाई जेल बाहिरै बसेर मुद्दाको पुनरावेदन गर्न अनुमति दिएको उच्च अदालतका प्रवक्ता उपरजिस्ट्रार तीर्थराज भट्टराईले जानकारी दिए ।

बलात्कार आरोपमा काठमाडौं जिल्ला अदालतले सन्दीपलाई ८ वर्ष कैद, ३ लाख रुपैयाँ जरिवाना र पीडितलाई २ लाख रुपैयाँ क्षतिपूर्ति भराउने फैसला गरेको थियो । बिहीबार सन्दीपले उच्च अदालत पाटनमा जिल्ला अदालत काठमाडौंको फैसला विरुद्ध पुनरावेदन निवेदन र जेलबाहिरै बसेर मुद्दाको पुनरावेदन गर्न पाउँ भनी अर्को निवेदन दिएका थिए ।

सन्दीपलाई काठमाडौं जिल्ला अदालतले तोकेको ८ वर्ष कैद सजायमध्ये ३ महिना ८ दिन उनी यसअघि मुद्दाको पुर्पक्षका लागि नै जेलमा बसिसकेका छन् । अब उनले कैदमा बस्नुपर्ने ७ वर्ष ८ महिना २२ दिनको दैनिक ३०० रुपैयाँका दरले हुन आउने रकम ८ लाख ४५ हजार १०० रुपैयाँ, जिल्ला अदालतले तोकेको ३ लाख रुपैयाँ जरिवाना र पीडित राहत कोषमा बुझाउनुपर्ने १२ हजार रुपैयाँ र पीडितलाई भराइदिनुपर्ने राहत २ लाख रुपैयाँ गरी १३ लाख ५७ हजार १०० रुपैयाँ अदालतलाई बुझाउनुपर्ने थियो ।






साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना